# प्रभाव दैनिक

National Daily

इ-पेपरका लागि

वर्ष १३ | अंक ४६ | काठमाडौं | सोमबार, २५ जेठ २०८३ | Prabhab National Daily | Monday, 8 June 2026 | www.prabhabonline.com | पृष्ठ ६ | मूल्य रू. ५ |-


रास्वपा जिल्ला अधिवेशन धमाधम

## २६ जिल्लामा चुनिए सभापति, केहीमा चर्को विवाद



रास्वपा तनहुँको आइतबार सम्पन्न अधिवेशनबाट नवनिर्वाचित कार्यसमिति । *तस्बिर: रासस*

■ **प्रभाव संवाददाता**

- कोशी र बागमतीमा १८ जिल्ला सभापति चयन
- गण्डकीका तीन, लुम्बिनीका चार र कर्णालीको एक जिल्लामा अधिवेशन सम्पन्न
- सिन्धुपाल्चोक, महोत्तरी र धनुषामा विवादका कारण अधिवेशन अनिश्चितकालका लागि स्थगित
- असार ७ गते चितवनमा राष्ट्रिय महाधिवेशन गर्न लागेको रास्वपाले जेठ २६ गतेदेखि पार्टीको प्रदेश अधिवेशन प्रारम्भ गर्दै

**काठमाडौं–** सत्तारुढ दल राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)को जिल्ला अधिवेशन धमाधम चल्दै छ । चितवनमा असार ७ गतेबाट पहिलो महाधिवेशन गर्न लागेको रास्वपाले जिल्लाको नेतृत्व छान्न सुरु गरेको हो ।

केन्द्रीय निर्वाचन आयोगकाअनुसार आइतबार साँझसम्ममा कोशी र बागमतीमा १८ जिल्ला सभापति चयन भइसकेका छन् । यसैगरी गण्डकीका तीन, लुम्बिनीका चार र कर्णालीको एक जिल्लामा अधिवेशन सम्पन्न भएको छ ।

रास्वपाका महामन्त्री कविन्द्र बुर्लाकोटीका अनुसार महाधिवेशनअघि ६७ जिल्लाकोमात्र अधिवेशन हुने छ । 'पार्टीको मुख्य संगठन रहेका ६७ जिल्लाको अधिवेशन महाधिवेशनअघि नै हुने छ । बाँकी १० जिल्लाको अधिवेशन पछि हुने छ,' महामन्त्री बुर्लाकोटीले भने ।

आयोगका प्रमुख भुवन केसीका अनुसार बागमतीका नौ र कोशीका नौ जिल्लामा अधिवेशन सकिएको हो ।

### कुन जिल्लामा को बने सभापति ?


आइतबार २८ जिल्लाको अधिवेशन तोकिए पनि विभिन्न जिल्लामा विवादका कारण प्रक्रिया सुरु हुन सकेन । बागमतीका नौ जिल्लामा नेतृत्व चयन भएका छन् । काठमाडौं जिल्ला सभापतिमा राजा शाक्य, भक्तपुरमा रामेश्वर बस्नेत, काभ्रेपलाञ्चोकमा प्रविन ढकाल, सिन्धुलीमा अविनाश बस्नेत, रामेछापमा रमेश रायमाझी, दोलखामा दिनेश बस्नेत, नुवाकोटमा रामेश्वर गजुरेल, धादिङमा राजन अर्याल र मकवानपुर सभापतिमा सञ्जिव पाठक निर्वाचित भएका छन् ।

बागमती प्रदेशका चितवन, रसुवा र ललितपुरमा आगामी आइतबार अधिवेशन हुँदै छ । शनिबार सुरु भएको सिन्धुपाल्चोकको अधिवेशन स्थगित भएको छ । क्षेत्र नम्बर १ बाट उम्मेदवार बनेका भरतप्रसाद परजुली र क्षेत्र नम्बर २ का उम्मेदवार अजय श्रेष्ठ पक्षबीचको प्रतिस्पर्धाले अधिवेशन प्रभावित भएको बताइएको छ । कार्यवाहक सभापति पासाङ तामाङले भने आकांक्षीबीचमा सहमति खोज्न समय लागेको हुँदा अधिवेशन स्थगित गर्नुपरेको जानकारी गराएका छन् । तामाङका अनुसार सभापति पदका लागि पाँच जना आकांक्षी छन् । सुकुटेमा भइरहेको अधिवेशन सहमति नभएपछि मेलम्चीमा गर्ने सहमति भए पनि पछि चौतारामा गर्ने भन्दै स्थान परिवर्तन गर्दासमेत विवाद सिर्जना भएको थियो । कोशी प्रदेशमा सुनसरीसहित नौ जिल्लामा सभापति चयन भएका छन् ।

क्रमशः पृष्ठ २ मा

## सीमा समस्या समाधानमा हल्ला बढी, ठोस पहल कम

- नेपाल-भारत सीमा समस्या समाधानमा कुनै ठोस पहल भएन
- रास्वपा सभापतिले 'ढोल बजाएर समाधान नहुने' भनेको दुई दिनमै परराष्ट्रमन्त्रीले कूटनीतिक संयन्त्रबाट समाधान गर्ने बताए
- प्रमाणका लागि नेपालले बेलायतलाई गुहार्ने संकेत
- प्रधानमन्त्री शाहको अभिव्यक्तिले चर्किएको सीमा विवाद सदनमा प्रकट हुने



■ **जेबी योञ्जन**

**काठमाडौं–** नेपाल-भारत सीमा विवाद समाधानका लागि ठोस कूटनीतिक पहल गर्न राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) नेतृत्वको सरकार पनि अक्षम देखिएको छ । प्रधानमन्त्री वालेन्द्र शाहले दिएको सीमासम्बन्धी विवादित अभिव्यक्तिबीच भारत भ्रमणमा सभापति रवि लामिछाने र परराष्ट्रमन्त्री शिशिर खनाल गएका थिए ।

जाने बेलामा दुई देशको विवादित सीमा समस्या समाधानलाई प्राथमिकतामा राखेको लामिछाने र खनालले बताएका थिए । भ्रमणपछि स्वदेश फर्किंदा दिएको प्रतिक्रियाले भने जनतालाई निराश पाऱ्यो । अर्थात् सीमा विवाद समाधानमा ठोस पहल भएन । लामिछानेले 'ढोल बजाएर सीमा समस्या समाधान नहुने' प्रतिक्रिया दिए भने खनालले तथ्य र प्रमाणका आधारमा समस्या कूटनीतिक संयन्त्रमार्फत समाधान गर्नेबारे छलफल भएको बताए । १८ जेठमा भारत भ्रमणमा जानुअघि लामिछानेले भनेका थिए, 'सीमा समस्या अनन्तकालसम्म राखिरहनु हुँदैन ।'

परराष्ट्रमन्त्री खनालले पनि सीमा समस्या प्राथमिकतामा रहेको बताएका थिए । यद्यपि, स्वदेश फर्किंदा दुवैको जवाफले सीमा समस्या समाधानका लागि ठोस पहल नभएको देखिएको हो । 'सीमासँग सम्बन्धित विषयलाई कूटनीति र अहिले भइरहेका संयन्त्रमार्फत समाधान गर्ने भन्ने पहिलेदेखिकै पोजिसन हो,' खनालले भारतबाट फर्कनेक्रममा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा आइतबार पत्रकारहरूसँग भने ।

### परराष्ट्रमन्त्रीको भारत भ्रमणका तीन उपलब्धि



परराष्ट्रमन्त्री शिशिर खनालले आफ्नो हालैको भारत भ्रमणलाई नेपाल-भारत सम्बन्ध सुदृढीकरणका दृष्टिले महत्त्वपूर्ण र उपलब्धिमूलक भएको बताएका छन् ।

भ्रमणपछि आयोजित प्रेस ब्रिफिङमा मन्त्री खनालले नेपाल र भारतका प्रतिनिधिमण्डलबीच द्विपक्षीय सम्बन्धका सबै प्रमुख पक्षमा विस्तृत छलफल भएको जानकारी दिए । उनका अनुसार वार्तामा व्यापार तथा आर्थिक सहकार्य, कनेक्टिभिटी विस्तार, ऊर्जा साझेदारी, जलस्रोत व्यवस्थापन, खेलकुद तथा जनस्तरीय सम्बन्ध अभिवृद्धिजस्ता विषयमा विशेष जोड दिइएको थियो ।

मन्त्री खनालले दुवै पक्षले नेपाल-भारत सम्बन्धलाई थप सुदृढ बनाउने प्रतिबद्धता दोहोऱ्याएको उल्लेख गरे ।

क्रमशः पृष्ठ २ मा

मन्त्री खनालका अनुसार नेपाल-भारतबीच स्थापित कूटनीतिक संयन्त्र, प्राविधिक टोली र फिल्ड सर्भे प्रक्रिया सक्रिय छन् । तर ती संयन्त्रले हालसम्म के प्रगति गरे भन्नेबारे सरकार स्पष्ट छैन । उनले ऐतिहासिक प्रमाणका रूपमा सुगौली सन्धिसम्बन्धी दस्तावेज अध्ययनका लागि बेलायतका संग्रहालय तथा अभिलेखालयसम्म पहुँच आवश्यक पर्न सक्ने संकेत पनि गरेका छन् । उनले भने, 'त्यस्ता ऐतिहासिक प्रमाण बेलायतका संग्रहालय र नेसनल आर्काइभ्सहरूमा छन् । आवश्यक परे हामी कूटनीतिक सहकार्यमार्फत ती दस्तावेजमा पहुँच स्थापित गर्न सक्छौं ।'

तर, यो पहल पनि प्रारम्भिक छलफलमै सीमित देखिएको छ । यसअघि रास्वपा सभापति लामिछानेले पनि सीमा विवादलाई लिएर कूटनीतिक संयमता आवश्यक रहेको बताएका थिए । नेपाल फर्किएपछि विमानस्थलमा पत्रकारहरूले सीमा विवादबारे सोध्दा उनले कूटनीतिक प्रक्रिया चरणबद्ध हुने बताएका थिए । उनले भनेका थिए, 'कुनै पनि विषय कूटनीतिको माध्यमबाट, डिप्लोमेटिक च्यानल एक्टिभ गराएर गरिने कुरा सबैभन्दा महत्त्वपूर्ण हुन्छ । ढोल बजाएर हुँदैन ।'

लामिछानेले यसअघि नेपाल र भारतबीचको सीमा समस्या छिटो समाधान गर्नुपर्ने बताएका थिए । तर, भारत भ्रमणमा परिणाममुखी पहल नभएको देखिएको हो । यी दुई नेता भारत भ्रमणमा जानुअघि सीमा विवादबारे प्रधानमन्त्री शाहले संसद्‌को रोस्ट्रमबाटै भनेका थिए, 'नेपालले पनि भारतको धेरै ठाउँमा जग्गा मिचेको रहेछ ।' यो अभिव्यक्तिले देशमा प्रधानमन्त्री शाह विवादित भए भने भारत खुसी भयो । त्यहाँका प्रधानमन्त्री नरेन्द्र मोदीले नेपालले भारतीय भूमि मिचेको कहिल्यै भनेका छैनन् ।

क्रमशः पृष्ठ २ मा

**सन्दर्भ: वैदेशिक रोजगार**

## संघमा नयाँ नेतृत्व आउँदै

### व्यवसायीको अपेक्षा- नयाँ नेतृत्वले वैदेशिक रोजगार व्यवसायलाई सम्मानजनक बनाउन प्रभावकारी काम गरोस्

■ **ममता थापा**

**काठमाडौं–** नेपाल वैदेशिक रोजगार व्यवसायी संघमा नयाँ नेतृत्व चयनका लागि निर्वाचन सकिएसँगै मतपरिणामको पर्खाइमा व्यवसायीहरू रहेका छन् । आइतबार सम्पन्न विशेष साधारणसभा तथा निर्वाचनको परिणाम यो समाचार तयार पार्दासम्म आइसकेको छैन ।

निर्वाचन समितिका अनुसार मतदानमा ७१९ मत खसेको छ । कूल मतदातामध्ये ५७ व्यवसायी अनुपस्थित भएको एक निर्वाचन अधिकृतले जानकारी दिए । संघको १७ सदस्यीय कार्यसमिति आज घोषणा हुने जनाइएको छ ।

संघको नेतृत्व लिनका लागि नेपाली कांग्रेसको शुभेच्छुक संस्था नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएसनबाट मेघनाथ भुर्तेल, एमालेनिकट प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्चसहित संयुक्त व्यवसायी प्यानलबाट डिकबहादुर खत्री र स्वतन्त्र व्यवसायी समूहबाट हरिबहादुर पाण्डे क्षेत्री प्रतिस्पर्धामा छन् । उनीहरू आ-आफ्नो प्यानलसहित चुनावमा होमिएका हुन् ।

संघमा आउने नयाँ नेतृत्वसँग व्यवसायीहरूले सेवा शुल्क निर्धारण, सिण्डिकेटको अन्त्य र वैदेशिक रोजगार व्यवसायलाई सम्मानजनक बनाउन काम गर्ने अपेक्षा व्यक्त गरेका छन् ।




अञ्जली ओभरसिजका सञ्चालक टीका शिवाकोटी नयाँ नेतृत्व परिवर्तनको संवाहक हुनुपर्ने बताउँछन् । राज्यले बाध्यात्मक वैदेशिक रोजगारीको अन्त्य नगरिसकेको अवस्थामा मुलुकको अर्थतन्त्र भरथेग गरिरहेको यस व्यवसायमा काम गर्न सक्ने अवस्था सिर्जना गर्नुपर्ने उनको भनाइ छ ।

क्रमशः पृष्ठ २ मा

### यस कारण टिकेन गुरूङ नेतृत्वको कार्यसमिति

संघभित्र विवादका कारण बहुमत पदाधिकारीले राजीनामा दिएपछि भुवनसिंह गुरुङ नेतृत्वको कार्यसमिति करिब ११ महिना कार्यकाल बाँकी छँदै विघटन हुन पुगेपछि नयाँ निर्वाचन गरिएको हो । संघको विधानमा बहुमत पदाधिकारीले राजीनामा दिएमा कार्यसमिति स्वतः विघटन हुने प्रावधान छ ।



निवर्तमान अध्यक्ष गुरुङले गत वैशाख ७ गते संघका सल्लाहकार नवराज केसी र धनलाल जैसीलाई पदमुक्त गरेपछि संघभित्र लामो समयदेखि चल्दै आएको आन्तरिक कलह छताछुल्ल भएको हो । आफूखुसी उक्त निर्णय लिएको भन्दै निवर्तमान महासचिव महेशकुमार बस्नेतले गुरुङलाई वैशाख ८ गते स्पष्टीकरण सोधेका थिए । त्यसपछि गुरुङले महासचिव बस्नेतलाई तीन दिने स्पष्टीकरण सोध्दै निलम्बन गरे ।

क्रमशः पृष्ठ २ मा

## संसद् बैठकअघि रविले बोलाए सर्वदलीय बैठक

- आज बिहान ९ बजेका लागि सर्वदलीय बैठक आह्वान
- आजै ११ बजे प्रतिनिधिसभा बैठक बस्दै
- प्रतिनिधिसभामा जारी प्रतिपक्षको अवरोध हटाउने रास्वपा सभापति रवि लामिछानेको प्रयास
- अवरोध हटाउनेबारे सभामुख डोलप्रसाद अर्यालले लिएनन् पहल



■ **प्रभाव संवाददाता**

**काठमाडौं–** राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछानेले प्रतिनिधिसभाको बैठकअघि सर्वदलीय बैठक डाकेका छन् । सदनमा निरन्तर प्रतिपक्षीले अवरोध सिर्जना गरेपछि सभापति लामिछानेले आज बिहान ९ बजेका लागि बैठक डाकेका हुन् ।

बैठक संसद् सचिवालयस्थित सार्वजनिक लेखा समितिको हल, सिंहदरबारमा बस्ने रास्वपाका महामन्त्री कविन्द्र बुर्लाकोटीले जानकारी दिए । बैठकमा प्रतिनिधिसभा र राष्ट्रियसभामा प्रतिनिधित्व गर्ने सबै राजनीतिक दललाई आमन्त्रण गरिएको छ । प्रत्येक दलबाट पार्टी अध्यक्ष वा सभापतिसहित दुई जना प्रतिनिधि सहभागी हुनसक्ने व्यवस्था गरिएको रास्वपाले जनाएको छ ।

आजै ११ बजे प्रतिनिधिसभा बैठक बस्दै छ । प्रधानमन्त्री वालेन्द्र शाहले भारतसँगको सीमासम्बन्धमा दिएको अभिव्यक्तिका कारण प्रतिनिधिसभा बैठकमा तनावग्रस्त अवस्था सिर्जना भएपछि सभामुख डोलप्रसाद अर्यालले जेठ १९ गते आजसम्मका लागि बैठक स्थगित गरेका थिए ।

विपक्षी दलहरू नेपाली कांग्रेस, नेकपा एमाले, नेपाली कम्युनिस्ट पार्टी (नेकपा), श्रम संस्कृति पार्टी र राष्ट्रिय प्रजातन्त्र पार्टीले बैठकलाई कार्यसूचीमा प्रवेश गर्न नदिई निरन्तर वेल घेराउ गरेपछि सभामुख अर्यालले बैठक जेठ २४ गतेसम्मका लागि स्थगित गरेका हुन् ।

जेठ १७ गते प्रधानमन्त्री शाह प्रतिनिधिसभा बैठकमा उपस्थित भएका थिए । विपक्षी दलहरूले प्रतिनिधिसभा कार्यसञ्चालन नियमावलीमा भएको व्यवस्थाअनुरूप प्रधानमन्त्रीसँग प्रश्नोत्तर कार्यक्रम गर्नुपर्ने भन्दै सदनमा विरोध गरिरहेपछि अकस्मात् उनी प्रतिनिधिसभा बैठकमा पुगेका थिए । सभामुखसँग आफैं समय मागेर सदनको रोस्ट्रममा पुगी सांसदहरूलाई प्रश्न सोध्न आग्रह गरेका प्रधानमन्त्री शाहले सीमासम्बन्धी सांसदहरूको प्रश्नको उत्तर दिँदै भनेका थिए, 'नेपालले पनि भारतको भूमि मिचेको रहेछ ।' शाहको त्यही बोलीका कारण सदनमा विपक्षीले वेल घेर्ने र सत्तापक्षले प्रतिरोध गर्ने गर्दा सदन तनावग्रस्त बन्दै आएको छ । सभामुख अर्यालले भने यो गतिरोध अन्त्यको कुनै प्रयास गरेका छैनन् ।

क्रमशः पृष्ठ २ मा

**पृष्ठ १ बाट क्रमशः**

## २६ जिल्लामा...

सुनसरीमा सागर दाहाल, झापामा ओम भण्डारी, ताप्लेजुङमा राजनकुमार गुरुङ, मोरङमा भरत कँडेल, तेह्रथुममा सुमन खत्री, भोजपुरमा ख्यामबहादुर भुजेल, संखुवासभामा भक्तनारायण श्रेष्ठ, ओखलढुंगामा कृष्णबहादुर थापा सभापतिमा निर्वाचित भएका छन् ।

कोशीका धनकुटा, सोलुखुम्बु, खोटाङ र इलाममा आज अधिवेशन भइरहेको निर्वाचन आयोगका प्रमुख भुवन केसीले जानकारी दिए । उदयपुरमा केही विवाद भएपछि सोमबारसम्मका लागि अधिवेशन स्थगित गरिएको छ ।

गण्डकीको पर्वतमा जलबहादुर पुर्जा, म्याग्दीमा युवराज रोक्का, कास्कीमा यदुनाथ अधिकारी चयन भएका छन् । लुम्बिनीका दाङमा किरण खनाल, पाल्पामा विष्णुप्रसाद भण्डारी, रोल्पामा बालाराम थापा र गुल्मीमा हरि श्रेष्ठ निर्वाचित भएका छन् । कर्णालीको हुम्लामा लक्ष्मण ऐडी सर्वसम्मत सभापति चयन भएका छन् ।

### महोत्तरी र धनुषामा पनि विवाद

महोत्तरीमा आन्तरिक विवाद भएपछि अधिवेशन अनिश्चितकालका लागि स्थगित गरिएको छ । शनिबारदेखि जलेश्वरमा जारी अधिवेशनको दोस्रो दिनसम्म पनि दुई पक्षबीच सहमति जुट्न नसकेपछि स्थगित भएको हो । विवाद समाधानका लागि विभिन्न चरणमा छलफल भए पनि सहमति हुन नसकेपछि अधिवेशन अर्को सूचना जारी नभएसम्मका लागि स्थगित गरिएको निर्वाचन संयोजक मनिषकुमार साहले जानकारी दिएका छन् ।

यता धनुषा जिल्लामा पनि रास्वपाभित्रको विवाद अझै समाधान हुन सकेको छैन । जिल्ला अध्यक्ष लक्ष्मेश्वर यादवमाथि मनोमानी ढंगले पार्टी सञ्चालन गरेको आरोप लगाउँदै असन्तुष्ट समूहले शनिबार रातिदेखि पार्टी कार्यालयमा तालाबन्दी गरेको छ । यसअघि धनुषाका पाँच पालिकाको अधिवेशनका क्रममा पनि विवाद चर्किंदा कार्यकर्ताबीच हात हालाहालको अवस्था सिर्जना भएको थियो । रास्वपाले जेठ २६ गतेदेखि पार्टीको प्रदेश अधिवेशन प्रारम्भ गर्दै छ । प्रदेश अधिवेशनहरू सञ्चालन गर्न सातवटै प्रदेशमा पाँच सदस्यीय प्रदेश निर्वाचन समिति गठन गरिएका छन् ।

### कहाँ कहिले प्रदेश अधिवेशन ?

रास्वपाका अनुसार पहिलो प्रदेश अधिवेशन जेठ २६ गते बागमती प्रदेशको हुने छ । दोस्रोमा २७ जेठमा कोशी प्रदेश, २८ जेठमा मधेस प्रदेश, २९ जेठमा गण्डकी प्रदेश, ३० जेठमा लुम्बीनी प्रदेश, ३१ जेठमा कर्णाली प्रदेश र १ असारमा सुदूरपश्चिम प्रदेशको अधिवेशन हुने कार्यतालिका रहेको छ । रास्वपाको प्रदेश अधिवेशनबाट पाँचजना पदाधिकारी चयन हुने छन् । ती पाँच पदाधिकारीमा एकजना सभापति चुनिने छन् । साथै, एक उपसभापति, एक महामन्त्री, एक सहमहामन्त्री (फरक लिंगसहित), एक कोषाध्यक्ष र एक जना प्रवक्ता निर्वाचित हुने छन् ।

### घण्टीघरमा कर्याकर्ताको प्रदर्शन

बाराको कलैया उपमहानगरका कार्याकर्ताले आइतबार केन्द्रीय कार्यालयमा प्रदर्शन गरेका छन् । पार्टीको नगर अधिवेशनको निर्वाचन परिणामलाई लिएर विवाद उत्पन्न भएपछि उनीहरूले प्रदर्शन गरेका हुन् । आन्दोलित कार्यकर्ताका अनुसार कलैया उपमहानगरपालिकाको नगर अधिवेशनमा उमाशंकर रौनियार १२४ मत प्राप्त गरी सभापतिमा निर्वाचित भएका थिए ।

निर्वाचित पदाधिकारीको शपथ ग्रहणसमेत सम्पन्न भइसकेपछि पुनः निर्वाचन गराउने सूचना जारी गरिएपछि विवाद सुरु भएको धर्नामा आइपुगेका धिरज पटेलले बताए । 'निर्वाचन भइसकेर शपथ लिइसकेपछि किन फेरि उपनिर्वाचन गर्ने भनियो ? हामीलाई उत्तर चाहियो,' प्रदर्शनमा आइपुगेका पटेलले भने । प्रदर्शनकारीहरूले मधेस प्रदेश समितिका तर्फबाट ५० प्लस एक बहुमत नपुगेको भन्दै पुनः निर्वाचनको सूचना जारी गरिएको दाबी गरेका छन् ।

उनीहरूले उक्त निर्णय पार्टी विधान र लोकतान्त्रिक प्रक्रियाविपरीत रहेको आरोप लगाएका छन् । उनीहरूले एकपटक निर्वाचन सम्पन्न भई विजयी घोषणा भइसकेपछि पुनःनिर्वाचन गराउने निर्णय स्वीकार्य नहुने बताएका छन् ।

■■■

## सीमा समस्या...

तर, प्रधानमन्त्री शाहले मिचेको दाबी गरे । यसपछि फेरि सीमा समस्याबारे बहस चर्किएको हो । सत्तारुढ रास्वपा सभापति लामिछाने र सोही दलबाट परराष्ट्रमन्त्री भएका खनाल भारत पुगे पनि सीमा समस्या समाधानमा अर्थपूर्ण संवाद नभएको पाइएको हो ।

यता आजदेखि बस्ने संसद् बैठकमा प्रधानमन्त्रीको अभिव्यक्तिलाई लिएर सदन अवरोध गर्ने विपक्षी दलहरूको तयारी छ । उनलाई राष्ट्रघाती अभिव्यक्ति दिएकोमात्रै नभएर देशद्रोहसम्मको कसुर गरेको प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसको आरोप छ । कांग्रेस सांसद सन्तोष सुब्बाले प्रभावसँग भने, 'प्रधानमन्त्रीको अभिव्यक्ति देशद्रोहको कसुर आकर्षित हुने खालको छ र यसबीचमा सीमा समस्याबारे रास्वपा सभापति र परराष्ट्रमन्त्री खनालबाट पहल भएको होला भन्यौं तर भएन छ । यो दुःखको कुरा हो ।'

प्रधानमन्त्री शाहले १७ जेठमा संसद् बैठकमा दिएको अभिव्यक्तिपछि राजनीतिक विवाद थप चर्किएको हो । विपक्षी दलहरूले प्रधानमन्त्रीको अभिव्यक्तिलाई संवेदनशील भन्दै माफी माग्नुपर्ने अडान दोहोऱ्याएको छ । तर, सरकारका प्रवक्ता सस्मित पोखरेलले प्रधानमन्त्रीको भनाइलाई गलत अर्थ लगाइएको दाबी गर्दै यसअघि सरकारको बचाउ गरेका थिए । यस्तोमा विपक्षी र विश्लेषकहरूले यस्तो प्रतिक्रियाले विषय झनै अस्पष्ट बनाएको टिप्पणी गरेका छन् ।

परराष्ट्र मन्त्रालयका अनुसार सुस्ता, लिम्पियाधुरा, लिपुलेक र कालापानी क्षेत्रमा नक्सांकन अझै टुंगो लागेको छैन । मन्त्रालयले केही क्षेत्रमा 'क्रस बोर्डर अकुपेसन' तथा दशगजा अतिक्रमणको समस्या रहेको स्वीकार गरे पनि समाधानको स्पष्ट कार्ययोजना भने सार्वजनिक गरेको छैन । सीमाविद् बुद्धिनारायण श्रेष्ठले नेपालले भारतको भूमि मिचेको निष्कर्ष निकाल्न नहुने बताएका छन् । उनले भनेका छन्, 'नेपाल र भारतबीच एक हजार ८८० किलोमिटर खुला सीमा छ । कतिपय ठाउँमा सीमारेखा अस्पष्ट छ । यसलाई अतिक्रमण भनेर निष्कर्ष निकाल्न मिल्दैन र यो समस्या छिटो समाधान गर्नुपर्छ ।

■■■

## परराष्ट्रमन्त्रीको...

साथै क्षेत्रीय तथा अन्तर्राष्ट्रिय मुद्दाहरूमा पनि विचार आदानप्रदान भएको र आपसी समझदारी बढाउने प्रयास भएको उनले बताए ।

भ्रमणका क्रममा चलिरहेका द्विपक्षीय परियोजना तथा सहकार्यका पहलहरूको प्रगति समीक्षा गरिएको र तिनलाई अझ प्रभावकारी बनाउने उपायबारे पनि विस्तृत छलफल भएको मन्त्रालयले जनाएको छ । भ्रमणका क्रममा तीन महत्त्वपूर्ण संयुक्त घोषणा भएका छन् ।

पहिलो, सन् २०३० मा हस्ताक्षर भएको एनसिएचएल र एनपिसिआईबीचको समझदारीपत्रअनुसार अन्तरदेशीय व्यक्ति-व्यक्ति भुक्तानी सेवा सञ्चालन गर्ने सहमति भएको छ । यससँगै नेपाल र भारतबीच डिजिटल माध्यमबाट सहजरूपमा रेमिटचान्स तथा रकम आदानप्रदान गर्न सकिने बताइएको छ ।

दोस्रो, भारत सरकारको विकास सहयोगमा नेपालमा भूकम्पपछि पुनर्निर्माण गरिएका परियोजनाहरूको 'भर्चुअल' हस्तान्तरण सम्पन्न गरिएको छ ।

तेस्रो, भाषा अनुवाद प्लेटफर्म र राष्ट्रिय डिजिटल पूर्वाधार विकासका लागि काठमाडौं विश्वविद्यालय स्कुल अफ इञ्जिनियरिङ, डिजिटल पब्लिक इन्फ्रास्ट्रक्चर एण्ड आर्टिफिसियल इन्टेलिजेन्स सेन्टर र डिजिटल इण्डियाबीच समझदारीपत्रमा हस्ताक्षर गरिएको छ ।

मन्त्री खनालले यी सहमतिहरूले नेपाल-भारतबीचको आर्थिक, प्राविधिक र डिजिटल सहकार्यलाई नयाँ उचाइमा पुऱ्याउने विश्वास व्यक्त गरे ।

■■■

## संघमा नयाँ...

'सेवा शुल्कको विषयलाई टुंग्याएर सम्मानजनक व्यवसायीको हिसाबले काम गर्ने वातावरण बनाउने नेतृत्व आओस् भन्ने हाम्रो आपेक्षा हो,' उनले भने ।

रारा इम्प्लोइमेन्ट कन्सलटेन्सी प्रालिकी सञ्चालक तारा रेग्मी आगामी नेतृत्वले सरकारको चौतर्फी आक्रमणबाट यस व्यवसायलाई बाहिर निकाल्नपर्ने बताइन् । संघको अबको नेतृत्वले साना व्यवसायीको पक्षमा काम गर्नुपर्नेमा उनको जोड छ । 'साना तथा मझौला व्यवसायी धेरै समस्यामा छन् । उनीहरूको आवाज कसैले सुन्दैन । यस्ता व्यवसायीको हक, हितका लागि काम गरिदिनपऱ्यो । ठूला व्यवसायीहरू त आफैं लड्न सक्छन्,' उनले भनिन् ।

लक्ष्मी रिक्रचुटमेन्ट सर्भिस प्रालिका सञ्चालक लक्ष्मीप्रसाद गिरी पनि अबको नेतृत्व व्यक्तिगत स्वार्थभन्दा माथि उठेर व्यवसायी र श्रमिकका समस्याप्रति उत्तरदायी हुनुपर्ने बताउँछन् । फ्रि भिसा, फ्रि टिकट र सिण्डिकेटको अन्त्य गर्ने विषयलाई प्राथमिकतामा राख्नुपर्ने उनको अपेक्षा छ । 'म पनि हामीले पठाउने दाजुभाइ, दिदीबहिनी फ्रि-भिसामा जाऊन् भन्ने चाहन्छु । तर यो प्रावधानमा अध्ययन नपुग्दा कार्यान्वयन हुन सम्भव नभएको अवस्था छ,' उनले भने, 'संघमा असल नेतृत्व नहुँदा सिण्डिकेटधारी सल्बलाइरहेका छन् । यसको अन्त्य गर्ने नेतृत्व आवश्यक छ ।'

त्यस्तै, अजम्बरी ओभरसिज प्रालिका डिबी पाखिन तामाङ पनि लागतकै विषयलाई टुंग्याउनुपर्ने बताउँछन् । साथै, मागपत्र प्रमाणीकरणको प्रक्रियालाई सहज बनाउन आवश्यक समन्वय गर्नुपर्ने उनको माग छ । 'व्यवसायीको सबैभन्दा महत्त्वपूर्ण लागतको विषयलाई सम्बोधन गर्नु आवश्यक छ,' उनले भने, 'अर्को भनेको हामीले विदेशबाट ल्याउने मागपत्रलाई पूर्व र अन्तिम स्वीकृति गरेर दुईवटा प्रक्रिया छ । त्यसलाई एउटा र सहज बनाउन अबको नेतृत्वले ध्यान दिनपऱ्यो ।'

■■■

## यस कारण...

त्यसबीचमा विवाद चर्किंदा गुरुङको कार्यशैलीका कारण संघमा रहेर काम गर्न नसकिने भन्दै वैशाख १४ मा कार्यसमितिका सात जना पदाधिकारीमध्ये पाँच जना र १० जना सदस्यमध्ये छ जनाले १० बुँदे कारण उल्लेख गर्दै सामूहिक राजीनामा दिए । उनीहरूको असन्तुष्टिमा अध्यक्ष गुरुङले एकलौटी निर्णय गरेको तथा कार्यसमितिका पदाधिकारीले उठाएका विषयलाई महत्त्व नदिएकोलगायत कारण थिए । उक्त राजीनामापछि संघको तत्कालीन कार्यसमिति अल्पमतमा पऱ्यो । तत्कालीन कार्यसमिति धरापमा परेपछि घटक संस्थाका अध्यक्ष र पूर्वअध्यक्षहरूको सल्लाहमा गुरुङले आफ्नो निर्णय फिर्ता लिँदै सल्लाहकारलाई पुनर्वहाली गरेको घोषणा गरेका थिए ।

पुनर्वहाली भएका सल्लाहकारले राजीनामा दिएका पक्षलाई संघमा फर्काउन पटक-पटक वार्ता गर्दा पनि सफल हुन सकेन । गुरुङले राजीनामा दिएकाहरूको राजीनामा अस्वीकृत भएको भन्दै आफ्नो जिम्मेवारीमा फर्कन आग्रह गर्दै पत्राचारसमेत गरे ।

यसबीचमा राजीनामा दिएका कतिपयले संघमा फर्किने सम्भावना भएको आशयसमेत व्यक्त गरेका थिए । तर गुरुङले संघमा फर्किन पठाएको पत्रमा आत्मालोचनाभन्दा पनि निर्देशनको भाषा प्रयोग भएकाले असन्तुष्ट पक्ष बिच्किएको सल्लाहकारले बताएका थिए । गुरुङको कार्यशैली नसुध्रने र संघमा फर्किए आफूहरूलाई गरिने व्यवहार सकारात्मक नहुने भन्दै आफ्नो अडान नछोडेपछि अन्ततः गुरुङ नेतृत्वको कार्यसमिति विघटन भयो ।

संघको विधानको दफा २६ (४) (ख) मा कार्यसमितिका दुईतिहाइ पदाधिकारीले सामूहिक राजीनामा दिएमा कार्यसमिति स्वतः विघटन हुने र सोही दिन सल्लाहकारहरूको रोहवरमा बनेको प्रबन्ध समितिले २१ दिनभित्र विशेष साधारणसभा बोलाइ निर्वाचन सम्पन्न गराउने प्रावधान छ । संघ विघटन भएको भन्ने प्रबन्ध समितिको दाबीलाई जिल्ला प्रशासन कार्यलयले वैधानिकता दिएसँगै चुनावका लागि सबै पक्ष तयार भएका थिए ।

अध्यक्ष गुरुङ स्वयंले कार्यसमितिका पदाधिकारीको असन्तुष्टिलाई गम्भीररूपमा लिएका थिएनन् । समयमै विवाद मिलाउन नसक्दा दुई वर्षको पूरा कार्यकाल काम गर्न नपाइ कार्यसमिति विघटन हुनपुग्यो । यद्यपि, आफू सिण्डिकेटको विरुद्धमा उभिएकाले सिण्डिकेटधारी समूहको चलखेलले आफूलाई हटाएको उनको दाबी छ । गुरुङ २०८१ चैत २९ गतेको निर्वाचनबाट विजयी भएसँगै संघको नेतृत्व सम्हालेका थिए ।

■■■

## संसद् बैठकअघि...

यस्तो छ सोमबारको सम्भावित कार्यसूची प्रतिनिनिधिसभाका महासचिव पद्मप्रसाद पाण्डेयका अनुसार सोमबार अर्थमन्त्री स्वर्णिम वाग्लेले राजस्व र व्ययको वार्षिक अनुमानमाथि सामान्य छलफल प्रस्ताव राख्ने र यसबारे छलफलपछि जवाफ दिने कार्यक्रम राखिएको छ । राजस्व र व्ययको वार्षिक अनुमानमाथि छलफल प्रारम्भ भएपछि यी विषयमा उठेका प्रश्नहरूको जवाफ अर्थमन्त्रीले दिने कार्यक्रम कार्यसूचीमा रहेको छ ।

यसैगरी अर्थमन्त्री वाग्लेले व्यवस्थापन कार्यअन्तर्गत विभिन्न विधेयक प्रस्तुत गर्ने छन् । जसमा विनियोजन विधेयक, २०८३ लाई प्रस्तुत गर्न अनुमति माग्ने प्रस्ताव प्रस्तुत गरिने, विनियोजन विधेयक, २०८३ प्रस्तुत गरिने त्यसैगरी राष्ट्र ऋण उठाउने विधेयक, २०८३ लाई प्रस्तुत गर्न अनुमति माग्ने प्रस्ताव प्रस्तुत गर्ने कार्यसूची रहेको छ ।

यसैगरी नेपाल राष्ट्र बैंक (तेस्रो संशोधन) विधेयक, २०८३ प्रस्तुत गर्न अनुमति माग्ने प्रस्ताव प्रस्तुत गर्ने र प्रस्तुत गर्ने कार्यसूची रहेको छ । यसपछि संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री खडकराज पौडेलले राष्ट्रिय सभामा उत्पत्ति भएको 'पर्यटन विधेयक, २०८२ लाई दफावार छलफलका लागि सम्बन्धित समितिमा पठाइयोस्' भन्ने प्रस्ताव प्रस्तुत गर्ने कार्यसूची रहेको छ ।

त्यसैगरी श्रममन्त्री रामजी यादवले 'अन्तर्राष्ट्रिय श्रम संगठनको श्रम निरीक्षणसम्बन्धी महासन्धि, १९४७ नं. ८१' पेस गर्ने र अन्तर्राष्ट्रिय श्रम संगठनको बाध्यकारी श्रम महासन्धि १९३० सम्बन्धी सन् २०१४ को प्रोटोकल नं. २९' पेस गर्ने कार्यसूची रहेको महासचिव पाण्डेयले जानकारी दिएका छन् ।


## अत्यन्त जरूरी सार्वजनिक सूचना

**(वारेसनामा बदर सम्बन्धी सूचना)**

**म मोरङ्ग जिल्ला, बिराटनगर महानगरपालिका वडा नं. २ बस्ने सचि कार्कीले मिति २०८२/०६/२२ गते प्रदान गरेको अधिकृत वारेसनामा (Power of Attomey) मार्फत हालसम्म कुनै प्रकारको लिखत पारित, हक हस्तान्तरण, खरिद/बिक्री वा अन्य कुनै कानूनी कारोबारमा प्रयोग नभएको तथा म स्वयं हाल नेपालमा उपस्थित भई आवश्यक सम्पूर्ण कार्य आफै उपस्थित भई गर्न सक्ने अवस्थामा रहेको हुँदा उक्त वारेसनामा पूर्ण रुपमा बदर गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । साथै, उक्त वारेसनामा तथा मैले प्रदान गरेको सम्पूर्ण अधिकार यसै सूचना मार्फत फिर्ता लिइएको जानकारी गराउँदछु । अब उप्रान्त उक्त वारेसनामाको आधारमा कुनै पनि प्रकारको लिखत पारित, खरिद/बिक्री, नामसारी, दर्ता वा अन्य कुनै कानूनी कार्य नगर्न/नगराउन सम्बन्धित सबै सरकारी निकाय, कार्यालय तथा सरोकारवालाहरुमा अनुरोध गर्दछु । यस सूचना प्रकाशित भएपछि उक्त वारेसनामाको आधारमा कसैले कुनै कार्य गरे/गराएमा त्यसको सम्पूर्ण जिम्मेवारी सम्बन्धित व्यक्ति स्वयम रहनेछ ।**

**सूचनादाताः**

**नामः सचि कार्की, ठेगानाः बिराटनगर महानगरपालिका वडा नं. २**

**नागरिकता नं.: ७९८३, सम्पर्क नं.: ९८५११३०२५७, मितिः २०८३/०२/१४**

### बोलपत्रद्वारा गोलिया काठ दाउरा लिलाम बिक्री वितरण सम्बन्धी सूचना

**प्रथमपटक प्रकाशित मिति : २०८३/०२/२५**

यस सुनाखरी सा.व.उ.स, कमलामाई नपा-१० सिन्धुलीबाट आ.व.२०८२/०८३ मा उत्पादन भई घाटगद्दि गरी राखिएको साल जातको गोलिया थान १२७ को १४८१.८९ क्यू.फिट गोलिया काठ व्यापारिक प्रयोजनको लागि बिक्री वितरण गर्नको लागि यो सूचना प्रकाशित गरिएको छ । काठ जे, जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा लैजाने गरी वन नियमावली २०७९ को नियम १२८ बमोजिम योग्य उद्योगहरूले यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र बोलपत्र खरिद गरी २२ औं दिनको मध्यान्ह १२:०० बजे भित्र बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ । विस्तृत व्यहोराको सूचना यस समूहको सूचना पाटीमा टांस गरिएको छ ।

**सुनाखरी सा.व.उ.स, कमलामाई नपा-१० सिन्धुली**

### बोलपत्रद्वारा गोलिया काठ दाउरा लिलाम बिक्री वितरण सम्बन्धी सूचना

**प्रथमपटक प्रकाशित मिति : २०८३/०२/२५**

यस हरियाली सा.व.उ.स, कमलामाई नपा-१० सिन्धुलीबाट आ.व.२०८२/०८३ मा उत्पादन भई घाटगद्दि गरी राखिएको साल जातको गोलिया थान ३२ को ५२८.८७ क्यू.फिट गोलिया काठ व्यापारिक प्रयोजनको लागि बिक्री वितरण गर्नको लागि यो सूचना प्रकाशित गरिएको छ । काठ जे, जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा लैजाने गरी वन नियमावली २०७९ को नियम १२८ बमोजिम योग्य उद्योगहरूले यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र बोलपत्र खरिद गरी २२ औं दिनको मध्यान्ह १२:०० बजे भित्र बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ । विस्तृत व्यहोराको सूचना यस समूहको सूचना पाटीमा टांस गरिएको छ ।

**हरियाली सा.व.उ.स, कमलामाई नपा-१० सिन्धुली**

### कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**तेस्रो पटक प्रकाशित मिति : २०८३/०२/२५ गते**

यस कम्पनीको मिति २०८३/०२/२२ को साधारण सभा/विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **थापा कागेश्वरी सप्लायर्स प्रा.लि.** को नाममा रहेको सम्पूर्ण चलअचल, सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि नाम परिवर्तित कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८३/०२/२२ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **थापा कागेश्वरी प्रोडक्सन एण्ड सप्लायर्स प्रा.लि. (प्रा.लि.नं. १५६७९२)** कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ ।

### अधिकतम खुद्रा बिक्री मूल्य (MRP) प्रकाशनको सूचना

यस **Panchasorna Group Pvt.Ltd.** कम्पनीले CHINA बाट पैठारी गरेको देहायको मालबस्तुहरूको अधिकतम खुद्रा बिक्री मूल्य (MRP) निम्न बमोजिम भएको व्यहोरा सर्वसाधारण जानकारीका लागि प्रकाशन गरिएको छ ।

| सि. नं. | मालबस्तुको विवरण | आकार/ प्रकार | ब्राण्ड | मोडल | क्षमता | उत्पतिको मुलुक राष्ट्र | ईकाई | ईकाई प्रति मूल्य | प्रति ईकाई अधिकतम खुद्रा बिक्री मूल्य (MRP) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | RANGEHOOD CHIMNEY | N/A | BHS-BOSS | NP132 90CM MATT BLACK(R17) | N/A | CHINA | PCS | 22,100.00 | 32,500.00 | |
| 2 | RANGEHOOD CHIMNEY | N/A | BHS-BOSS | NP134 75CM MATT BLACK(R1) | N/A | CHINA | PCS | 13,800.00 | 20,500.00 | |
| 3 | RANGEHOOD CHIMNEY | N/A | BHS-BOSS | NP135 60CM MATT BLACK(R15) | N/A | CHINA | PCS | 11,700.00 | 18,000.00 | |
| 4 | RANGEHOOD CHIMNEY | N/A | BHS-BOSS | NP139 90CM MATT BLACK(R17) | N/A | CHINA | PCS | 21,800.00 | 32,000.00 | |

बिक्रेताको फर्मको नामः **Panchasorna Group Pvt. Ltd.** स्थायी लेखा नं: **606749170**

ठेगानाः **Pepsikola-32, Kathmandu, Nepal** फोन नं: **9801171012**


## आजको राशिफल



**ज्यो. गुरू अनन्त**
अनन्त योग अल्केमी
स्वयम्भू, काठमाडौं, नेपाल
फोन : ९८४९२०३४५६

**सोमबार, २५ जेठ, २०८३**

**मेष** – आज नयाँ अवसर प्राप्त हुन सक्छ र आर्थिक लाभ । साथीभाइसँग व्यवहार गर्दा संयम अपनाउनुहोस् ।

**वृष** – शिक्षाक्षेत्र र व्यवसायमा प्रगति हुने संकेत छ । प्रेम सम्बन्धमा खुसी र समझदारी बढ्नेछ ।

**मिथुन** – मान-सम्मान र प्रतिष्ठा बढ्ने दिन छ । अनावश्यक खर्चमा नियन्त्रण गर्नु राम्रो हुनेछ ।

**कर्कट** – सहकार्यबाट फाइदा मिल्नेछ । काममा धैर्य र सावधानी अपनाउँदा सफलता प्राप्त हुनेछ ।

**सिंह** – आर्थिक अवस्था बलियो बन्नेछ । परिवारको सहयोगले महत्वपूर्ण काम सम्पन्न हुनेछ ।

**कन्या** – शुभ समाचार प्राप्त हुन सक्छ । धार्मिक तथा सामाजिक कार्यमा सहभागिता बढ्नेछ ।

**तुला** – काममा केही चुनौती आउन सक्छ । स्वास्थ्य र पारिवारिक सम्बन्धमा ध्यान दिनुहोस् ।

**वृश्चिक** – धन लाभ र लगानीका अवसर प्राप्त हुन सक्छन स्वास्थ्यप्रति सचेत रहनु आवश्यक छ ।

**धनु** – आम्दानी बढ्ने र काममा सफलता मिल्ने योग छ । विरोधी पक्षबाट सतर्क रहनुहोस् ।

**मकर** – अध्ययन र व्यवसायमा प्रगति हुनेछ । पारिवारिक वातावरण सुखद र सहयोगी रहनेछ ।

**कुम्भ** – खर्च बढ्न सक्ने भएकाले आर्थिक व्यवस्थापनमा ध्यान दिनुहोस् । निर्णय गर्दा परिवारको सुझाव उपयोगी हुनेछ ।

**मीन** – आध्यात्मिक तथा धार्मिक कार्यमा रुचि बढ्नेछ । परिवारको साथले आत्मविश्वास र उत्साह बढाउनेछ ।

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल ४४१४७९८/४४२७४५२ | |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५र६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६र६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातव्य | ४२५५५४०/४२५५५४१ |
| चिकित्सालयरशववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| **एम्बुलेन्सररक्तसञ्चार सेवा नेसनल** | |
| किडनी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर टचाक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

**२५ जेठ, २०८३ (८ जुन, २०२६)**

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रूपैयाँ | १०० को | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर | १ को | १५२.८४ | १५३.४४ |
| युरो | १ को | १७७.५८ | १७८.२८ |
| पाउन्ड स्टिर्लङ | १ को | २०५.६२ | २०६.४३ |
| स्विस फ्रैन्क | १ को | १९३.७५ | १९४.५१ |
| अस्ट्रेलियन डलर | १ को | १०९.५८ | ११०.०१ |
| क्यानाडियन डलर | १ को | ११०.३३ | ११०.७६ |
| सिङगापुर डलर | १ को | ११९.२५ | ११९.७२ |
| जापानी येन | १० को | ९.५६ | ९.६० |
| चिनियाँ युआन | १ को | २२.५८ | २२.६७ |
| साउदी अरब रियाल | १ को | ४०.७१ | ४०.८७ |
| कतारी रियाल | १ को | ४१.९३ | ४२.०९ |
| थाई भाट | ख १ को | ४.६७ | ४.६९ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ४१.६१ | ४१.७८ |
| मलेसियन रिङेट | १ को | ३८.२६ | ३८.४१ |
| दक्षिण कोरियन वन | १०० को | ९.९८ | १०.०२ |
| स्विडिस क्रोनर | १ को | १६.३३ | १६.३९ |
| डेनिस क्रोनर | १ को | २३.७६ | २३.८६ |
| हङकङ डलर | १ को | १९.५० | १९.५८ |
| कुवेती दिनार | १ को | ४९८.१७ | ५००.१३ |
| बहराइन दिनार | १ को | ४०५.३० | ४०६.८९ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावीधक विनिमय दर बैंकको वेबसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।



जेब्रा क्रसिङ | डुम्रे–बेसीसहर सडकखण्डअन्तर्गत लमजुङको बेसीसहर नगरपालिका–२ भकुण्डेमा आइतबार जेब्रा क्रसिङ निर्माण गर्दै ट्राफिक प्रहरी । *तस्बिरः रासस*

# वातावरणीय साहित्य गोष्ठी सम्पन्न

■ प्रभाव संवाददाता



**काठमाडौं–** वातावरणीय चेतना, साहित्यिक बहस र पर्यावरणीय सिर्जनशीलतालाई प्रोत्साहन गर्ने उद्देश्यले नेपाली पर्या-साहित्य प्रतिष्ठानद्वारा आयोजित ११औं वातावरण साहित्य गोष्ठी सम्पन्न भएको छ। कार्यक्रममा साहित्यकार, वातावरण अभियन्ता, शिक्षाविद् तथा अनुसन्धानकर्ताहरूको उल्लेख्य सहभागिता रहेको थियो ।

प्रतिष्ठानका संरक्षक प्रा.डा. गोविन्दराज भट्टराईको अध्यक्षतामा सम्पन्न कार्यक्रममा नारीवादी समालोचक तथा त्रिभुवन विश्वविद्यालयकी पूर्वशिक्षाध्यक्ष प्रा.डा. सुधा त्रिपाठी प्रमुख अतिथिका रूपमा सहभागी भएकी थिइन् । कार्यक्रममा प्रा.डा. रमेशप्रसाद भट्टराई, उषा शेरचन, राजु उवरकोटी, सीता तुम्खेवा, ज्यति जंगल र आशबहादुर तामाङले पर्यावरणीय नारीवादी कविता वाचन गरेका थिए । मुख्य वक्ताका रूपमा डा. अर्चना थापा रहेकी थिइन् । सोही कार्यक्रममा 'धर्तीको गीत-२' पर्यागीत सार्वजनिक गरियो । खेम प्रसाईं र देवेन्द्र पौडेलले सृजना गरेको उक्त गीतमा महेश खड्काको संगीत र प्रयुषा न्यौपानेको स्वर रहेको छ ।

कार्यक्रमको प्रारम्भमा वातावरण साहित्य गोष्ठीको इतिहास र यसको योगदानबारे जानकारी प्रस्तुत गरिएको थियो । त्यसक्रममा साहित्यकार विजय हितानकी प्रेमकुमारी हितानको स्मृतिमा एक लाख रूपैयाँ राशिको 'प्रेमकुमारी हितानः पर्या साहित्य पुरस्कार' स्थापना गरिएको घोषणा गरिएको थियो । उक्त पुरस्कारको आरम्भ आगामी वर्ष आयोजना हुने १२औं वातावरण साहित्य गोष्ठीमा प्रदान गरिने जानकारी दिइएको छ ।

गोष्ठीको प्रमुख आकर्षणका रूपमा दुई कृतिको विमोचन गरिएको थियो । 'हरित हस्ताक्षर' नामक पर्यावरणीय नारीवादी कविता संग्रह तथा डा. गीता त्रिपाठीद्वारा लिखित 'पर्यावरणीय समालोचना सिद्धान्त र नेपाली कविता' पुस्तक सार्वजनिक गरिएको थियो । त्रिपाठीको समालोचनामाथि डा. अशोक थापाले समीक्षात्मक टिप्पणी प्रस्तुत गरेका थिए । यसैगरी 'हरित हस्ताक्षर' सम्बन्धमा उपप्राध्यापक राजिन पनेरु र निला राईले आफ्नो धारणा व्यक्त गरेका थिए ।

कार्यक्रममा डा. अर्चना थापाले मुख्य वक्तव्य प्रस्तुत गर्दै वातावरणीय चुनौती र साहित्यको भूमिकामाथि प्रकाश पारेकी थिइन् । प्रमुख अतिथि प्रा.डा. त्रिपाठीले वातावरण, साहित्य र समकालीन समाजबीचको अन्तरसम्बन्धबारे विचार व्यक्त गरिन् । सभाध्यक्ष प्रा.डा. भट्टराईले वातावरणीय संकट र जलवायु परिवर्तनजस्ता विश्वव्यापी चुनौतीका सन्दर्भमा साहित्यले चेतना निर्माणमा महत्त्वपूर्ण भूमिका खेल्न सक्ने बताए । उनले यस्ता गोष्ठीहरूले नेपाली वातावरण साहित्यको विकास र नयाँ विमर्श निर्माणमा योगदान पुऱ्याउने विश्वास व्यक्त गरे ।

# बागमती प्रदेशमा सरकारी कामकाजको भाषा कार्यान्वयन गर्न अभिमुखीकरण अभियान

■ दिपा सुनुवार




**काठमाडौं–** बागमती प्रदेशमा सरकारी कामकाजी भाषाको मान्यता पाएका तामाङ र नेपाल भाषाको प्रयोग विस्तारका लागि प्रदेशव्यापी अभिमुखीकरण अभियान सम्पन्न भएको छ । सरकारी कामकाजमा यी दुई भाषाको प्रयोग व्यवहारमा कार्यान्वयन गर्ने अभियानअन्तर्गत जनप्रतिनिधि तथा कर्मचारीहरूका लागि अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिएको हो ।

बागमती प्रदेशको संस्कृति तथा पर्यटन मन्त्रालयसँगको सहकार्यमा नेपाल तामाङ घेदुङले सञ्चालन गरेको अभिमुखीकरण कार्यक्रममा नेवा देयः दबूकोसमेत सहभागिता थियो । घेदुङका उपमहासचिव तथा भाषा कार्यक्रम संयोजक बिलाम मोक्तानले सिन्धुपाल्चोक, काभ्रे, धादिङ, नुवाकोट, चितवन र सिन्धुली जिल्लामा जनप्रतिनिधि तथा कर्मचारीहरूलाई अभिमुखीकरण गरिएको जानकारी दिए ।

कार्यक्रम यही जेठ १४ गते सिन्धुपाल्चोकको चौताराबाट सुरु भएको थियो । त्यसपछि जेठ १५ मा काभ्रे, जेठ १७ मा नुवाकोट, जेठ १८ मा धादिङ र रसुवा, जेठ १९ मा चितवन र जेठ २१ गते सिन्धुलीमा सञ्चालन गरिएको संयोजक मोक्तानले बताए । उनका अनुसार अभिमुखीकरण कार्यक्रममा स्थानीय तहका प्रमुख/उपप्रमुख, वडाध्यक्ष, कर्मचारी, भाषा अभियन्ता तथा सरोकारवालाहरूको सहभागिता रहेको थियो ।

संस्कृति तथा पर्यटन कार्यालय काठमाडौंका प्रमुख पवनकुमार पोखरेलले भाषा संरक्षण र प्रवर्द्धन कार्यलाई स्थानीय सरकारले प्रभावकारीरूपमा कार्यान्वयन गर्नुपर्नेमा जोड दिए । उनका अनुसार बागमती प्रदेश सरकारले स्थानीय तहबाट भाषा कार्यान्वयनको प्रक्रिया अघि बढाउन २०८२ सालमै सबै स्थानीय सरकारलाई परिपत्र गरिसकेको छ । प्रदेशस्तरीय साइनबोर्ड तथा लेटरप्याडसम्बन्धी मापदण्डसमेत तयार भइसकेको उनले बताए ।

तामाङ घेदुङका निवर्तमान अध्यक्ष मोहन गोलेले स्थानीय सरकारले कामकाजी भाषाको कार्यान्वयन गर्नुपर्नेमा जोड दिए । 'मातृभाषाको संरक्षण, प्रवर्द्धनका लागि दीर्घकालीन योजना र पुस्तान्तरणका लागि प्रकाशन, अनुसन्धान तथा लेखन अभियान, भाषिक अभ्यासलाई थप सशक्त बनाउनुपर्छ,' उनले भने । गोलेले भाषा समुदायको पहिचान र अस्तित्वसँग जोडिएको विषय भएकाले यसको संरक्षणमा सबै पक्षको साझा जिम्मेवारी रहेको बताए ।

तामाङ भाषाको संरक्षण र प्रवर्द्धनका लागि समुदायस्तरबाट भएका प्रयासहरूको चर्चा गर्दै उनले भाषा संरक्षणका लागि दीर्घकालीन प्रयासहरू आवश्यक रहेकोमा जोड दिए । उनले मातृभाषा बोल्ने अभ्यास कमजोर बन्दै गएमा भविष्यमा भाषा संकटमा पर्न सक्ने चेतावनी दिँदै भाषा बचाउने सबैभन्दा प्रभावकारी माध्यम दैनिक जीवनमा मातृभाषाको प्रयोग नै भएको बताए । उनले भने, 'भाषा जीवित रहन जिब्रोमा हुनुपर्छ, पुस्तान्तरण हुनुपर्छ र व्यवहारमा प्रयोग हुनुपर्छ ।'

भाषा आयोगका पूर्वकामु सचिवसमेत रहेका शिक्षा तथा खेलकुद मन्त्रालयका उपसचिव डा. लोकबहादुर लोप्चनले संविधान र कानुनले प्रदान गरेको भाषिक अधिकारलाई व्यवहारमा उतार्न स्थानीय सरकारका प्रमुख तथा उपप्रमुखहरूले स्पष्ट प्रतिबद्धता जनाउनुपर्ने बताए । आदिवासी जनजाति समुदायको बाहुल्य रहेका क्षेत्रमा सम्बन्धित समुदायको भाषामा शिक्षण सिकाइ तथा सरकारी सेवा प्रवाहलाई प्राथमिकता दिनुपर्ने उनको जोड थियो । उनले भाषिक अधिकारको कार्यान्वयनलाई विकास, समावेशी शासन र सामाजिक न्यायको महत्त्वपूर्ण आधारका रूपमा लिन आग्रह गरे ।

यसैगरी नेवा देयः दबूका उपाध्यक्ष उमेश स्थापितले भाषिक अधिकार लामो आन्दोलन र संघर्षको उपलब्धि भएकाले यसको संरक्षण र कार्यान्वयनमा स्थानीय सरकार जिम्मेवार हुनुपर्ने बताए । उनले भने, 'बहुभाषिक समाजको विशेषतालाई सम्मान गर्दै मातृभाषाको प्रयोग र प्रवर्द्धनमा स्थानीय तहले अग्रसरता देखाउनुपर्छ ।'

संविधानले सुनिश्चित गरेको भाषिक अधिकारलाई व्यवहारमा कार्यान्वयन गर्न स्थानीय सरकार र कर्मचारीतन्त्रले अग्रणी भूमिका खेल्नुपर्नेमा वक्ताहरूले जोड दिएका थिए । कार्यक्रममा सहभागी जनप्रतिनिधि, भाषा अभियन्ता तथा सरोकारवालाहरूले मातृभाषामा सरकारी सेवा प्रवाह, स्थानीय पाठ्यक्रम विकास, अभिलेख व्यवस्थापन, सूचना प्रकाशन तथा सार्वजनिक सञ्चारका क्षेत्रमा तामाङ र नेपाल भाषाको प्रयोग विस्तार गर्नुपर्ने सुझाव दिएका थिए ।

बागमती प्रदेशअन्तर्गतका आठ जिल्लामा सञ्चालन गरिएको अभिमुखीकरण अभियानले प्रदेशमा तामाङ र नेपाल भाषालाई सरकारी कामकाजी भाषाको रूपमा कार्यान्वयन गर्ने महत्त्वपूर्ण आधार तयार गरेको आयोजकले जनाएको छ । 'यो अभियान केवल कार्यक्रमको शृंखलामात्र नभई संविधानले सुनिश्चित गरेको भाषिक अधिकारलाई व्यवहारमा कार्यान्वयन गर्ने साझा अभियान हो,' कार्यक्रम संयोजक मोक्तानले भने । यस अभियानलाई अझ व्यापक र प्रभावकारी बनाउँदै आगामी दिनमा पनि निरन्तर अगाडि बढ्ने उनले प्रतिबद्धता व्यक्त गरेका छन् ।

# निजामती कर्मचारी अस्पतालको सेवा चितवन र पर्सामा विस्तार

**काठमाडौं (प्रस)–** आजदेखि निजामती कर्मचारीले पाउने स्वास्थ्यसम्बन्धी सेवासुविधा चितवनको भरतपुर अस्पताल र पर्साको नारायणी अस्पताल, वीरगञ्जबाट पनि उपलब्ध हुने भएको छ । भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले आइतबार सूचना जारी गरी निजामती कर्मचारी अस्पताल काठमाडौंले उपलब्ध गराउने छुट तथा सहुलियतसहितको स्वास्थ्य उपचार सेवा प्रारम्भिक चरणमा भरतपुर अस्पताल र नारायणी अस्पतालमा पनि उपलब्ध हुने जानकारी दिएको हो ।

उक्त छुट तथा सहुलियतसहितको स्वास्थ्य उपचार सेवा निजामती कर्मचारी अस्पतालबाट परिचयपत्र प्राप्त गरेका निजामती कर्मचारी, अवकाश प्राप्त निजामती कर्मचारी तथा निजहरूको आश्रित परिवारलाई तोकिएबमोजिम उपलब्ध हुने छ । सेवा प्राप्त गर्न निजामती कर्मचारी वा अवकाश प्राप्त निजामती कर्मचारीले निजामती कर्मचारी अस्पतालबाट जारी भएको आधिकारिक परिचयपत्र साथमा लिई जानुपर्ने सूचनामा उल्लेख गरिएको हो ।

निजामती कर्मचारी, अवकाश प्राप्त निजामती कर्मचारी तथा निजहरूको आश्रित परिवारलाई गुणस्तरीय स्वास्थ्य सेवा सहज, सुलभ र पहुँचयोग्यरूपमा उपलब्ध गराउने उद्देश्यले निजामती कर्मचारी अस्पतालबाट प्रदान हुँदै आएको स्वास्थ्य सेवालाई प्रदेशस्तरमासमेत विस्तार गर्ने सरकारको नीतिअनुसार सो सेवा सुरु गरिएको मन्त्रालयले जनाएको छ ।

सूचनामा भनिएको छ, 'त्यसका अतिरिक्त बाँकी प्रदेशबाटसमेत सेवा विस्तार गर्न स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयसँग समन्वय भई सेवा प्रदायक अस्पतालहरूको सूचीकरण भएको हुँदा आवश्यक तयारी पूरा गरी निजामती कर्मचारी अस्पतालले निजामती कर्मचारीलाई उपलब्ध गराउँदै आएको छुट, सहुलियतसहितको स्वास्थ्य उपचार सेवा सबै प्रदेशबाट उपलब्ध गराइने छ ।' यस व्यवस्थाबाट काठमाडौं उपत्यकाबाहिर कार्यरत तथा बसोबास गर्ने निजामती कर्मचारी, अवकाश प्राप्त कर्मचारी र आश्रित परिवारले आफ्नै प्रदेशमा स्वास्थ्य सेवा प्राप्त गर्न सहजता हुने मन्त्रालयको अपेक्षा छ ।


## धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी १५ दिने सार्वजनिक सूचना

(प्रकाशित मिति २०८३ साल जेठ महिना २५ गते सोमबार)

यस विकास बैंकको शाखा कार्यालय मन्थलीबाट उल्लेखित ऋणीले मुक्तिनाथ सरल व्यवसाय कर्जा शीर्षक अन्तर्गत लिएको कर्जाको साँवा, ब्याज र अन्य दै-दस्तुर समेत तिर्ने बुझाउने सम्बन्धमा बैंकसंग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र बैंकबाट पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज तथा हर्जाना समेत चुक्ता भुक्तान गर्न आउने तर्फ कुनै चासो नदेखाउनु भएको र नआउनु भएकोले सम्पूर्ण कर्जा चुक्ता गर्न आउनु हुन भनी बैंकबाट विभिन्न मितिमा सार्वजनिक सूचना प्रकाशित गरिएता पनि कर्जा चुक्ता भुक्तान गर्न तर्फ कुनै पहल नगरी आलटाल गरेकोले बैंकको कर्जा असुलीको लागि तपशिलमा उल्लेखित धितो (सम्पत्ति) जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा गोप्य शिलबन्दी बोलपत्र प्रक्रियाद्धारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नुपर्ने भएकोले धितो लिलाम बिक्री सम्बन्धी यो १५ (प्रन्द्र) दिने सूचना प्रकाशित गरिएको छ । उक्त मिति भित्र नतिरे नबुझाएमा प्रचलित कानुन अनुसार सूचना प्रकाशित भएको मितिले १६ औं दिन यस बैंकलाई लेखिदिएको धितो सुरक्षणमा रहेको तपशिलमा उल्लेखित सम्पत्ति जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरिने हुँदा इच्छुक महानुभावहरुले देहाय बमोजिमको शर्त तथा बन्देजहरुको अधिनमा रहने गरी यो सूचना प्रकाशित भएको मितिले १५ औ दिनको कार्यालय समय भित्र यस बैकको शाखा कार्यालयहरुमा गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन सूचित गरिन्छ ।

**तपशिल**

**ऋणीको विवरण**

नाम : **प्रतिक स्टोर** प्रोप्राइटरको नाम : छत्र बहादुर खड्का क्षेत्री प्रा.फ.र.नं. : ३९२/०६८/०६९
दर्ता मिति : २०६८/११/१६ दर्ता गर्ने कार्यालय : घरेलु तथा साना उद्योग विकास समिति शाखा कार्यालय, रामेछाप, मन्थली रजिष्टर्ड ठेगाना : रामेछाप जिल्ला फुलासी वडा नं. ३ स्थायी लेखा नं. : ६००२१६८१२

**प्रोप्राइटरको विवरण**

जमान सिं.को नाति गणेश बहादुर खड्का क्षेत्रीको छोरा रामेछाप जिल्ला गेलु वडा नं. ५ हाल, मन्थली न.पा. वडा नं. १३ बस्ने **छत्र बहादुर खड्का क्षेत्री** (ना.प्र.नं : १३८३ जारी मिति र जिल्ला : २०४४/११/१५, रामेछाप)

**व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण**

गणेश बहादुर खड्का क्षेत्रीको बुहारी छत्र बहादुर खड्का क्षेत्रीको पत्नी रामेछाप जिल्ला फुलासी वडा नं. ४ हाल, मन्थली न.पा. वडा नं. १३ बस्ने **गिता कुमारी तमाङ** (ना.प्र.नं : ५११३२ जारी मिति र जिल्ला : २०५८/०८/०४, रामेछाप)

**यसअघि प्रकाशित गरिएको सार्वजनिक सूचनाको विवरण :**
१) मिति २०८० साल फागुन महिना ६ गतेको कारोबार दैनिकमा कर्जा चुक्ता भुक्तानी गर्ने बारे ३५ दिने
२) मिति २०८१ साल बैशाख महिना १४ गतेको नागरिक राष्ट्रिय दैनिकमा धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी २१ दिने

**धितो सुरक्षण सम्बन्धी विवरण :** निम्न उल्लेखित घरजग्गा/जग्गा र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

| धितोधनीको नाम | धितोको ठेगाना | सिट नं. | कित्ता नं. | क्षेत्रफल |
|---|---|---|---|---|
| छत्र बहादुर खड्का क्षेत्री | रामेछाप जिल्ला फुलासी वडा नं. ४ | ४ क | १२६ | १०-०-३-२ |
| | | | १२५ | १४-०-१-२ |

**शर्त बन्देजहरु :**

१) शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ दिन अर्थात मिति २०८३ साल असार महिना ८ गते सोमबार भित्र यस बैंकको शाखा कार्यालय मन्थली आईपुग्ने गरि पेश गर्नुपर्ने छ ।
२) बोलपत्र फारममा आफुले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्ने छ ।
३) माथि उल्लेखित सम्पूर्ण धितो सुरक्षणहरु जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणका लागि बेग्ला बेग्लै वा एकमुष्ठ बोलपत्र पेश गर्न सकिनेछ ।
४) बोलपत्र साथ आफुले बोलकबोल गरेको रकमको कम्तिमा १० प्रतिशत हुन आउने रकम धरौटी स्वरुप संस्थाको मुख्य कार्यालयमा रहेको Earnest money payable खाता नं. ०१३-९२७७४१०१००५ मा बोलपत्र पेश गर्ने अन्तिम मितिसम्म जम्मा गरी सो को सक्कल भौचर अथवा सो बराबरको बमेलपत्र पेश गर्ने अन्तिम मिति भित्र खिचिएको यस बैंकको नाममा Good For Payment Cheque संलग्न गर्नु पर्नेछ ।
५) प्राप्त बोलपत्रहरु मिति २०८३ साल असार महिना ९ गते मंगलबार दिउसो ३:०० बजे यस बैंकको शाखा कार्यालय मन्थलीमा उपस्थित प्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ । बोलपत्र खोल्ने समयमा बोलाईएका सबै प्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधि उपस्थित नरहे पनि सो कारणले बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन ।
६) बोलपत्र खोलिने दिनमा सार्वजनिक विदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिनमा सोही स्थान र समयमा लिलाम कार्य हुनेछ ।
७) बोलपत्र स्वीकृत भएमा धितो सुरक्षण सम्पत्ति बोलपत्रदाताको नाममा नामसारी दाखेल खारेज गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुर, लाभ कर, कर तथा अन्य शुल्क ईत्यादि बोलपत्रदाताले नै व्यहोर्नु पर्नेछ ।
८) बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहने छ ।
९) धरौटी रकम तथा अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिए बमोजिम हुने व्यहोरा समेत सूचित गरिन्छ ।

"नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक"

**मुक्तिनाथ विकास बैंक लि.**
**MUKTINATH BIKAS BANK LTD.**

Winner of EUROPEAN MICROFINANCE AWARD 2020

**Central Office:** Lazimpat, Kathmandu, Tel.: 01-5970887, Toll Free No. (NTC): 16600149999,
Toll Free No. (Ncell): 18102149999, E-mail: info@muktinathbank.com.np, Web: www.muktinathbank.com.np

जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ


# बाथरोगबाट बच्न सचेतना र शीघ्र उपचारमा जोड

**काठमाडौं (प्रस)–** बाथरोगको रोकथाम तथा रोग लागेमा प्रारम्भिक चरणमै उपचार गरेर स्वास्थ्यलाभ गर्न सकिने भएकाले यससम्बन्धी चेतना अझ व्यापक बनाउनुपर्नेमा जोड दिइएको छ ।

नेसनल बाथरोग सेन्टरको १३औं वार्षिकोत्सवका अवसरमा आइतबार यहाँ आयोजित कार्यक्रममा बाथरोग सुरुकै चरणमा पहिचान गरी उपचार गरेमा सहजरूपमा निको हुने, तर ढिलो गरी उपचार गर्दा मिर्गौला र फोक्सोलगायत महत्त्वपूर्ण अंगमा असर पुग्ने तथा उपचार खर्चसमेत महँगो हुने भएकाले जनचेतना अभिवृद्धि आवश्यक रहेको वक्ताहरूले बताएका हुन् ।

कार्यक्रममा त्रिभुवन विश्वविद्यालयका पूर्वउपकुलपति तथा पूर्वराजदूत केदारभक्त माथेमाले जीवनको गुणस्तर सुधार गर्न बाथरोगलगायत विभिन्न रोगबारे पर्याप्त जनचेतना फैलाउन आवश्यक रहेको बताए । युवा अवस्थामै रोग प्रतिरोधात्मक क्षमता कमजोर हुँदै गएको वर्तमान अवस्थामा स्वस्थ जीवनका लागि जनस्वास्थ्यसम्बन्धी सचेतना अझ प्रभावकारी ढंगले विस्तार गर्नुपर्ने उनको भनाइ थियो ।

सेन्टरका अध्यक्ष डा. विनीत वैद्यले बाथरोग 'मुसा बनेर छिर्ने र हात्ती बनेर निस्कने' रोग भएकाले लक्षण देखिनासाथ उपचार सुरु गर्नुपर्ने बताए । सेन्टरले अनुसन्धान, शिक्षा तथा स्वास्थ्य सेवा प्रवाहका क्षेत्रमा काम गरिरहेको उनले जानकारी दिए । वार्षिकोत्सवकै अवसरमा सेन्टरले आइतबारदेखि 'ऱ्युमा फ्युजन नेटवर्क'को घोषणा गरेको छ । सेन्टरका प्रबन्ध निर्देशक डा. रोशन कक्षपतिले अध्यक्ष वैद्यको नेतृत्वमा गरिएको अनुसन्धानले बाथरोग प्रारम्भिक अवस्थामै पहिचान गर्न सकिने पुष्टि गरेको बताए । बाथरोगबारे आमसञ्चारमाध्यम तथा सम्बन्धित निकायमार्फत अझ व्यापक जनचेतना फैलाउनुपर्नेमा उनले जोड दिए ।

कार्यक्रममा कुटुम्ब ब्याण्डका पवित महर्जनले बाथरोगसम्बन्धी जनचेतना अभिवृद्धिका लागि ब्याण्डको तर्फबाट सहयोग भइरहेको र आगामी दिनमा पनि निरन्तर सहयोग रहने प्रतिबद्धता व्यक्त गरे ।

सो अवसरमा सेन्टरका पोखरा शाखा प्रमुख डा. कृष्ण ढकाल, मानव संसाधन विभागकी पवित्रा कार्कीलगायत वक्ताले बाथरोगबाट आमनेपालीलाई जोगाउन जनचेतना नै सबैभन्दा प्रभावकारी माध्यम भएको बताइन् । कार्यक्रममा सेन्टरमा दीर्घ सेवा गरेका कर्मचारी तथा व्यक्तित्वलाई सम्मान गरिएको थियो ।

प्रभाव दैनिक
National Daily

सम्पादकीय

## सीमा समस्या समाधान 'गफ'मै सीमित

भारतसँगको सीमा विवाद नेपालको राष्ट्रिय हित, सार्वभौमिकता र भू–राजनीतिक संवेदनशीलतासँग जोडिएको विषय हो । यस्तो विषयमा प्रधानमन्त्रीको तहबाट आउने अभिव्यक्ति तथ्यमा आधारित र राष्ट्रिय अडानसँग मेल खाने हुनुपर्छ । तर, प्रधानमन्त्री वालेन्द्र शाहले १७ जेठको संसद् बैठकमा 'नेपालले पनि भारतको जग्गा धेरै ठाउँ मिचेको रहेछ' भन्ने अभिव्यक्ति कुनै तथ्य र नेपालको अडानमा आधारित छैन ।

प्रधानमन्त्रीको अभिव्यक्ति सार्वजनिक भएपछि विपक्षी दलहरूले भने कहाँ–कहाँ नेपालले भारतको भूमि मिचेको छ भन्दै जवाफ मागे । सीमाविद्हरूले पनि नेपालले भारतको भूमि अतिक्रमण गरेको निष्कर्षलाई स्वीकार गर्न नसकिने बताए । परराष्ट्र मन्त्रालयले पछि स्पष्टीकरण दिँदै केही स्थानमा 'क्रस बोर्डर अकुपेसन' र दशगजा अतिक्रमणको समस्या रहेको बतायो । तर, प्रधानमन्त्रीले प्रयोग गरेको भाषा र मन्त्रालयले दिएको प्राविधिक व्याख्याबीच स्पष्ट अन्तर देखियो । यसले सरकारभित्र नै विषयको पर्याप्त तयारी र एकरूपता नभएको प्रस्टिन्छ ।

यही विवादकाबीच सरकारका परराष्ट्रमन्त्री शिशिर खनाल भारत भ्रमणमा गएर आइतबारमात्रै स्वदेश फर्किए । भारतमा छँदा उनका समकक्षीसँग भेटघाट गरे । त्यस क्रममा सीमा समस्याबारे छलफल भएको जानकारी दिइयो । कूटनीतिक संयन्त्रमार्फत समस्या समाधान गरिने पुरानै प्रतिबद्धता सुनाए । सुगौली सन्धिसम्बन्धी ऐतिहासिक दस्तावेज खोज्न बेलायतसम्मको सहयोग लिन सकिने चर्चा पनि गरे । तर प्रश्न उठ्छ– यी सबै कुरा नयाँ के हुन् ? नेपालले विगत दुई दशकदेखि यिनै विषय उठाउँदै आएको छ । संयन्त्र सक्रिय छ भन्ने भनाइ पनि नयाँ होइन । तर, परिणाम कहाँ छ ?

अर्कोतर्फ, राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछाने पनि भारत भ्रमणमा खनालभन्दा अघि गएका थिए । उनले सीमा विवादलाई ढोल बजाएर नभई कूटनीतिक माध्यमबाट समाधान गर्नुपर्ने धारणा राखे । हिन्दूस्तान टाइम्ससमा प्रकाशित उनको लेखमा नेपाल–भारत सम्बन्धलाई विकास, व्यापार, ऊर्जा र कनेक्टिभिटीमा केन्द्रित गर्नुपर्ने कुरा उल्लेख थियो । यी विषय महत्त्वपूर्ण हुन् । तर, सीमा विवादजस्तो राष्ट्रिय सरोकारको विषयमा उनको भ्रमणबाट कुनै ठोस कूटनीतिक उपलब्धि वा नयाँ पहलको संकेत देखिएन ।

यहाँ फेरि प्रश्न उठ्छ– प्रधानमन्त्रीको विवादास्पद अभिव्यक्ति, परराष्ट्रमन्त्रीको भारत भ्रमण र सत्तारुढ रास्वपाका सभापति लामिछानेको भारत भ्रमण यी सबै लगभग एउटै समयावधिमा भए । तर, सीमा समस्याको समाधानतर्फ ठोस रूपमा के उपलब्धि हासिल भयो ? कुनै नयाँ वार्ता संयन्त्र बनेन । कुनै समयसीमा तय भएन । प्रबुद्ध समूहको प्रतिवेदन सार्वजनिक भएन । कुनै राजनीतिक तहको समझदारी पनि देखिएन ।

यसले सरकारको प्राथमिकतामाथि प्रश्न उठाउँछ । यदि प्रधानमन्त्री शाहले वास्तवमै सीमा समस्यालाई गम्भीरतापूर्वक लिएका हुन् भने त्यसलाई संसद्मा विवादास्पद अभिव्यक्तिमा सीमित राख्नु हुँदैन । त्यसपछि त्यसलाई ठोस कूटनीतिक एजेण्डामा रूपान्तरण गर्नुपर्थ्यो । परराष्ट्रमन्त्रीको भ्रमण त्यसका लागि अवसर बन्न सक्थ्यो । सत्तारुढ दलका सभापतिको भारत भ्रमणले पनि विश्वास निर्माण र संवाद विस्तारमा भूमिका खेल्न सक्थ्यो । तर, त्यस्तो भएन । सीमा समस्याबारे रास्वपा नेताहरूको भाषण धेरै, परिणाम भने शून्यजस्तै भएको देखिएको छ ।

# नयाँ परिवेश, प्रवृत्ति पुरानै



❑ दामोदर खनाल.

"अहिले साँच्चै मुलुकलाई समृद्ध बनाउन चाहने हो भने रास्वपाको दुईतिहाइ बहुमतनजिकको सरकार छ । अब हाम्रा प्रतिनिधिले एकआपसमा जुटेर विगतका राम्रा कुरालाई आत्मसात् गरेर यहाँका साधन र स्रोतको समुचित प्रयोग गरी विकासमा फड्को मार्ने हिम्मत देखाउन सक्नुपर्छ । मुलुकलाई समृद्ध बनाउने हो भने अति राजनीतिकरण त्यागेर हाम्रो सोचाइमा आमूल परिवर्तन ल्याउन जरुरी छ । किनकि, आमजनताले कामको परिणाम खोजेका छन्, न कि चिल्ला भाषण ।

स्थानीय, प्रदेश र संघीय अर्थात् तीन तहका सरकार चलाउनेहरूले मुलुक समृद्ध बनाउनेबारे गर्दै आएको चर्चा परिचर्चा वर्षौंदेखि सुनिँदै आएको हो । तर यी तीन तहका सरकारबीच खास तालमेल नहुँदा जनअपेक्षाअनुसार काम हुन सकेको छैन । विगत ३५ वर्षदेखि भागबण्डामा चलेका बहुमत र अल्पमतका सरकारले जनअपेक्षाअनुरूप काम गर्न सकेनन् । त्यतिबेला भागबण्डा र आलटाल गरेर हुन नसकेका काम अहिले राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) नेतृत्वको सरकार बनेपछि कतिपय क्षेत्रमा सुधार र सहजरूपमा हुन थालेपछि विगतका सरकार चलाउनेहरूको बल्ल बुद्धिको बिर्को खुलेको आभास हुन थालेको छ ।

वालेन्द्र नेतृत्वको सरकार आएपछि आमनागरिकले विकास निर्माणका काम र सुशासनमा केही सुधारको अनुभूति गरेको पाइन्छ । कार्यालयको ढिलासुस्ती, बेथिति र भ्रष्टाचारको सवालमा कमी आएको अनुभव नागरिकहरूले गरेका छन् । कतिपय कार्यालयमा हिजो दिन बिताउँदा पनि नहुने काम आज क्षणभरमै हुँदा सेवाग्राही आश्चर्यचकित छन् । तिनै कर्मचारी, तिनै कार्यालयको ढिलासुस्ती भोगेका जनता आज काम सहजै हुँदा अचम्म परेको केही कार्यालय पुग्दा सेवाग्राहीले दिएको प्रतिक्रियाबाट स्पष्ट हुन्छ ।

अहिले पनि गाउँपालिकाका सदस्य, अध्यक्ष, नगरका मेयर, प्रदेशका सभासद, मन्त्री, मुख्यमन्त्रीहरूले समृद्धि र विकासका कुरा हरेक कार्यक्रममा गरेका सुनिन्छ । तर अझ पनि उनीहरूले संघीय सरकारलेजस्तो काम देखाउन सकेका छैनन् । स्थानीय र प्रदेश सरकारमा कांग्रेस, एमाले, तत्कालीन माओवादी केन्द्रकै प्रतिनिधिको दबदबा छ । किन अहिले पनि स्थानीय र प्रदेश सरकारले जनतामाझ राम्रो काम देखाउन सकेका छैनन् ? भन्ने प्रश्न उब्जिएको छ । काममा नातावाद, कृपावाद, चरम राजनीतिकरण किन ? आमजनता प्रश्न गरिरहेका छन् ?

स्थानीय तहको सरकार गठन भएको झण्डै नौ वर्ष भयो । स्थानीय चुनावी घोषणापत्रमा निर्वाचन जितेपश्चात विकासको अनुभूति र जनतालाई राहतका वाचा गरेका जनप्रतिनिधिहरूले खासै आफ्नो प्रतिबद्धता व्यवहारमा लागू गर्न सकेका छैनन् । जसकारण सर्वसाधारण जनताले राहतको अनुभूति गर्न पाएको देखिँदैन । अहिले पनि जनप्रतिनिधिको यो गर्नुपर्छ र त्यो गर्नुपर्छ भन्ने भाषण सुन्न पाइन्छ । अब त यसो र त्यसो गर्छु भन्नुभन्दा पनि गरेरै देखाउने अवसर जनताले दिइसकेर सकिने बेलामा पनि गर्न नसक्नाले उनीहरूप्रति जनताको विश्वास घट्दै गएको छ । हालै सम्पन्न संघीय निर्वाचनको परिणामले पनि त्यो स्पष्ट देखाएको छ । यदि ठूला दल नेपाली कांग्रेस, नेकपा एमाले, नेपाली कम्युनिस्ट पार्टीलगायतले राम्रा काम गरेका भए निर्वाचनमा यस्तो कमजोर परिणाम त आउने थिएन ।

स्थानीय जनप्रतिनिधिहरूले जनताको घरका धारामा पानी आएको छ कि छैन ? सडक गल्लीका फोहोर उठ्यो कि उठेन ? सडकबत्ती बलेका छन्, छैनन् जस्ता साना मसिना तर जनताको अत्यावश्यक समस्यामासमेत खासै ध्यान दिएको देखिँदैन । बरु स्थानीय र प्रदेश सरकार वालेन्द्र शाह नेतृत्वको संघीय सरकारको विरोधमै लागिरहेका देखिन्छ ।

केही विकसित मुलुकहरूलाई नजिकबाट हेर्ने हो भने त्यहाँको विकास निर्माण, उन्नति, प्रगति, समृद्धि साँच्चै अचम्म लाग्दो छ । ती मुलुकमा ऐन, नियम, कानुनको पूर्णतः पालना गरेको पाइन्छ । नातावाद-कृपावाद देखिँदैन, जसकारण हरेक काम सिस्टममा हुन गएकाले पनि विकास निर्माणमा छलाङ मारेको अनुभूति हुन्छ । तर हाम्रो मुलुकमा जिम्मेवार ओहदामा पुगेका व्यक्तिहरूले कामभन्दा पनि कुरा र भाषण बढी गरेको पाइन्छ । संसद्मा केही दिनयता देखिएको गतिविधिले पनि हाम्रो कार्यशैली स्पष्ट पार्छ । हाम्रा सांसद सदनमा मर्यादित शालीन भएर पश्न राख्न किन सकिरहेका छैनन् ? हामीले आफ्नो कामको मूल्यांकन, अनुगमन गरेको पाइँदैन । हाम्रो हरेक काम कुरामा अति राजनीति र व्यक्तिगत लाभ भेटिन्छ । आफ्नाले गरेका गलत कामको पनि ढाकछोप गर्ने प्रवृत्तिको अन्त्य भइसकेको छैन ।

हामीसँग प्रशस्त साधन र स्रोत भएर पनि त्यसको समुचित उपयोग गर्ने स्पष्ट योजना बनाउन सकेको देखिँदैन । त्यसैले हामी विकासमा निकै पछाडि छौं । कतिपय विकसित मुलुकको विकास निर्माण हेर्दा त्यहाँ साधन र स्रोतविना पनि धेरै प्रगति भएको पाइन्छ । जापान, सिंगापुर, मलेसिया, स्विटजरल्याण्ड, चीनलगायत मुलुकमा पछिल्लो समयमा भएको विकास निर्माणका काम अचम्म लाग्दो छ । हाम्रो देशभन्दा निकै पछाडि रहेको जापान, सिंगापुर, मलेसियाले गएको ४०/५० वर्षयता ठूलो फाड्का मारेका छन् । त्यहाँको सरकार र जनताको विकासप्रतिको लगाव, राष्ट्रप्रेमको भावले नै छोटो समयमा विकासमा कायापलट भएको बुझ्न कठिन छैन ।

हामीले ऐन, नियम, कानुन व्यवहारमा प्रभावकारीरूपमा लागू गर्न नसक्दा नै विकास निर्माणमा पछाडि परेका हौं । हाम्रा कर्मचारी, प्रहरी प्रशासकहरूको कमाउ मानसिकता, चाकडी चापलुसी, अस्थिर राजनीति विकासका बाधक हुन् । तर अहिले साँच्चै मुलुकलाई समृद्ध बनाउन चाहने हो भने रास्वपाको दुईतिहाइ बहुमतनजिकको सरकार छ । अब हाम्रा प्रतिनिधिले एकआपसमा जुटेर विगतका राम्रा कुरालाई आत्मसात् गरेर यहाँका साधन र स्रोतको समुचित प्रयोग गरी विकासमा फड्को मार्ने हिम्मत देखाउन सक्नुपर्छ । मुलुकलाई समृद्ध बनाउने हो भने अति राजनीतिकरण त्यागेर हाम्रो सोचाइमा आमूल परिवर्तन ल्याउन जरुरी छ । किनकि, आमजनताले कामको परिणाम खोजेका छन्, न कि चिल्ला भाषण ।

हाम्रो देश सगरमाथाको देश । शान्तिका अग्रदूत बुद्ध जन्मिएको देश । नदीनाला, वन जंगल, प्राकृतिक सौन्दर्यताले भरिपूर्ण देश हो । अर्थात् विकासका लागि प्रशस्त सम्भावना र आधार भएको देश हो । हिमाल, पहाड, तराईसहितको भौगोलिक आधारमा सानो मुलुक भए पनि विविध कला संस्कृति, हावापानीले भरिपूर्ण छ ।

यद्यपि, हाम्रो मुलुकको जुनरूपमा विकास र समृद्धि हुनुपर्ने हो त्यो हुन सकेको छैन जसको मुख्य कारण हो, भ्रष्टाचार । अनि हाम्रा राजनीतिक दलका जिम्मेवार नेताहरू संवेदनशील भई मुलुकको विकासका लागि स्पष्ट योजना ल्याउन नसक्दा नै देशको उन्नति प्रगति हुन नसकेको हो । गैरजिम्मेवार राष्ट्रसेवक, कर्मचारीमा पनि इमान्दारिता देखिएको छैन । जसका कारण नेतृत्व वर्गसँग मिलेर तलदेखि माथिसम्म भ्रष्टाचार व्याप्त छ । धेरै ठाउँमा राजस्व चुहावट छ । यो चुहावट र भ्रष्टाचार राम्रैगरी रोक्न सक्ने हो भनी कर बढाउन पर्दैन । त्यो रकमले धेरै विकास निर्माणका काम गर्न सकिन्छ । वर्तमान सरकारका अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले ल्याएको बजेट विगतभन्दा अलि भिन्न छ । त्यसलाई व्यवहारमा लागू गर्न सके केही सुधार हुन सक्ने संकेत देखिन्छ । तर पनि हाम्रा कर्मचारी र नेताहरू नैतिकवान् बन्न नसक्दासम्म बजेटले सार्थकता पाउन सक्दैन ।

तर पनि राजनीतिज्ञहरूले मुलुकलाई कहिले स्विटजरल्याण्ड, कहिले एसियाली मापदण्ड त कहिले सिंगापुर बनाउने सपना बाँडिरहेका छन् । तर दूर दृष्टि, दृढ इच्छाशक्ति, भ्रष्टाचाररहित स्वच्छ प्रशासन चाहिन्छ । बहुदलहुँदै लोकतन्त्र आएको पनि झण्डै ३५ वर्ष भयो । मुलुकमा विकृति, बेथिति बढेको बढ्यै छ । जताततै भ्रष्टाचार व्याप्त छ । हुन त यसअघि राजनीतिक अस्थिरता विकासको बाधक बन्यो । जताततै सिण्डिकेट मौलायो । आमजनताले परिवर्ततनको अनुभूति गर्न पाएका छैनन् । केही नेता र उच्च पदका कर्मचारीका गलत कार्यले मुलुक अगाडि बढ्न सकेन । तर यतिखेर मुलुक नयाँ परिवेश प्रवेश गरेको छ । दुईतिहाइ नजिकको एकदलीय सरकार बनेको छ ।

तर कतिपय गाउँपालिका नगरपालिकामा जनप्रतिनिधि महँगा गाडीसहितको सेवा सुविधाका पछि दगुरेका हुन् । कतिपय प्रदेश सांसदहरू पनि प्रदेशसभामा आफ्नै सेवा सुविधा बढाउन चर्को आवाज उठाइरहेका हुन्छन् । पदका लागि झगडा गरिरहेका छन् । सरकार मन्त्री बदलिरहेका छन् ।

तसर्थ, यसरी पद र सेवा सुविधाको पछाडि लागेर मुलुक समृद्ध बन्न सक्दैन । जनताले राहत पाउन सक्दैनन् । करको भार बढ्छ । सानो मुलुकमा सात वटा प्रदेश, त्यसमाथि धेरै सांसद, स्थानीय तहमा पनि धेरै जनप्रतिनिधि रहेका छन् । यसबारे गम्भीर बन्न जरुरी छ ।

यसर्थ केही वर्षलाई कमभन्दा कम सुविधा लिएर मुलुकमा भएको साधन र स्रोतको समुचित प्रयोग गर्न हाम्रा सांसद, मन्त्रीको ध्यान जान जरुरी छ । अनिमात्र जनता समृद्ध बन्ने वातावरण बन्छ । लोभ लालचमा लटपटिने बानी परेका हाम्रा नेता, मन्त्री, राष्ट्रसेवक कर्मचारी, सञ्चारकर्मीको बानी व्यहोरा सच्चिन जरुरी छ । नत्र न त नयाँ नेपाल बन्छ, न सिंगापुर बनाउने सपना साकार हुन्छ । स्थानीय सरकार बनेको नौ वर्ष बित्यो, जनतालाई सिंहदरबारको अधिकार गाउँमै पाइन्छ, राहतको अनुभूति हुन्छ भने पनि त्यो यथार्थमा पाउन सकेका छैनन् । यसतर्फ सरोकारवाला सबैको ध्यान जाओस् ।

पाठक मञ्च

# विश्वविद्यालयलाई दलीय भागबण्डाबाट मुक्त गर्ने ऐतिहासिक अवसर

विगत लामो समयदेखि मुलुकका सार्वजनिक तथा सरकारी विश्वविद्यालयहरू राजनीतिक क्रीडास्थल बनेको र शिक्षाको गुणस्तर खस्कँदै गएको तथ्य जगजाहेर नै छ । यस्तो पृष्ठभूमिमा हालै सरकारले 'विभिन्न विश्वविद्यालयको उपकुलपति छनोट तथा सिफारिससम्बन्धी एकीकृत कार्यविधि, २०८३' बमोजिम पहिलोपटक एकीकृत प्रक्रियामार्फत आठवटा विश्वविद्यालयका उपकुलपति चयनका लागि उम्मेदवारहरूको अल्पसूची (सर्टलिस्ट) सार्वजनिक गरेको समाचारले देशका आम सचेत नागरिक र शैक्षिक क्षेत्रमा चासो राख्नेहरूमा एउटा नयाँ आशाको सञ्चार गराएको छ ।

नेपालको उच्च शिक्षा इतिहासमै पहिलोपटक एकीकृत कार्यविधि बनाएर एकैपटक आठवटा विश्वविद्यालयमा खुला प्रतिस्पर्धा र विज्ञहरूको मूल्यांकनका आधारमा उपकुलपति छनोट प्रक्रिया अघि बढाइनु आफैंमा ऐतिहासिक र सकारात्मक कदम हो । विगतमा राजनीतिक दलका शीर्ष नेताहरूको खल्तीबाट नाम निकालेर, कुन पार्टीको भागमा कुन विश्वविद्यालय पर्ने भन्ने भागबण्डाका आधारमा उपकुलपति नियुक्त गर्ने प्रवृत्ति थियो । जसका कारण योग्य र सक्षम प्राध्यापकहरू सधैँ पाखा लाग्ने र राजनीतिक दलको झण्डा बोक्ने कार्यकर्ताहरूले विश्वविद्यालयको सर्वोच्च पद ओगट्ने स्थिति थियो । यसले गर्दा हाम्रा विश्वविद्यालयहरू ज्ञान उत्पादन गर्ने थलोभन्दा बढी राजनीतिक दाउपेच, तालाबन्दी र भ्रष्टाचारको केन्द्र बन्न पुगेका थिए ।

वर्तमान सरकार, कुलपति एवं प्रधानमन्त्री तथा शिक्षामन्त्रीको नेतृत्वमा गठित सिफारिस समितिले कूल २१८ वटा आवेदनमध्येबाट विज्ञहरूको निष्पक्ष मूल्यांकन र प्राप्तांकका आधारमा सर्टलिस्ट तयार गर्नुले नेपालको उच्च शिक्षामा 'मेरिटोक्रेसी' (योग्यता प्रणाली) स्थापना गर्न खोजिएको प्रस्ट हुन्छ । त्रिभुवन विश्वविद्यालय, पूर्वाञ्चल, पोखरा, राजर्षि जनक, मध्यपश्चिम, कृषि तथा वन विज्ञान र लुम्बिनी बौद्ध विश्वविद्यालयका लागि सर्टलिस्ट सार्वजनिक गरी जनमानसबाट राय सुझाव माग गरिनुले प्रक्रियामा पारदर्शिता र लोकतान्त्रिक मूल्यमान्यतालाई आत्मसात् गरिएको देखिन्छ । यो कदम वास्तवमै सराहनीय छ ।

तर, कार्यविधि बन्नु र कागजमा प्रक्रिया राम्रो देखिनुमात्रै अन्तिम सफलता होइन । विगतमा पनि केही विश्वविद्यालयमा खुला प्रतिस्पर्धा भनिएता पनि भित्रभित्रै दलीय सहमतिअनुसारकै व्यक्तिलाई नै नम्बर बढी दिएर ल्याइएका उदाहरणहरू हाम्रासामु छन् । त्यसैले, अहिलेको यो नयाँ र एकीकृत प्रक्रिया केवल 'देखाउने दाँत' वा प्रक्रियागत वैधता दिने माध्यममात्र बन्नु हुँदैन । विज्ञ समितिले दिएको नम्बर र जनस्तरबाट आउने राय सुझावहरूलाई पूर्णरूपमा इमानदार भई मूल्यांकन गरिनुपर्छ । यदि सर्टलिस्टमा परेका कुनै उम्मेदवारको प्राज्ञिक पृष्ठभूमि विवादित छ, बौद्धिक चोरीको आरोप लागेको छ, वा विगतमा वित्तीय अनियमिततामा मुछिएको रेकर्ड छ भने जनस्तरबाट आउने त्यस्ता सुझावहरूलाई कडारूपमा मनन गरी त्यस्ता व्यक्तिलाई तुरुन्तै अयोग्य घोषणा गरिनुपर्छ ।

विश्वविद्यालयहरू केवल आन्तरिक प्रशासन चलाउने अखडा होइनन्, यिनीहरू राष्ट्रको भविष्य निर्धारण गर्ने जनशक्ति उत्पादन गर्ने कारखाना हुन् । आज देशका हजारौं युवाहरू गुणस्तरीय शिक्षा र सुनिश्चित भविष्यको खोजीमा विदेशी विश्वविद्यालयहरूमा गइरहेका छन् । यसबाट बर्सेनि अर्बौं रूपैयाँ बाहिरिनुका साथै बौद्धिक पलायन डरलाग्दो अवस्थामा पुगेको छ । स्वदेशकै विश्वविद्यालयहरूमा समयमा परीक्षा नहुने, नतिजा आउन वर्षौं लाग्ने र राजनीतिक खिचातानीका कारण पठनपाठन ठप्प हुने समस्याले युवाहरू विदेसिन बाध्य भएका हुन् । यो अवस्थालाई चिर्न र स्वदेशी उच्च शिक्षाप्रति विश्वास जगाउन अब नियुक्त हुने उपकुलपतिहरू केवल प्रशासकमात्र नभएर उच्च प्राज्ञिक दृष्टिकोण, अन्तर्राष्ट्रिय शैक्षिक सम्बन्ध र दृढ इच्छाशक्ति भएका परिवर्तनका संवाहक बन्न जरुरी छ ।

नयाँ कार्यविधिले पारदर्शिता, योग्यता प्रणाली र प्रक्रियागत निष्पक्षता सुनिश्चित गर्ने दाबी गरेको छ । यो दाबीलाई व्यवहारमा उतार्ने सुनौलो अवसर सिफारिस समिति र सरकारसामु छ । कुनै पनि राजनीतिक दलको दबाब वा प्रभावमा नपरी, विशुद्ध योग्यता र क्षमताका आधारमामात्र अन्तिम तीन जनाको नाम सिफारिस गरिनुपर्छ । यदि यसपटक पनि कुनै च्यानल वा शक्तिकेन्द्रको प्रभावमा परेर बाहिर निष्पक्षताको नाटक गरी भित्र खल्तीकै मान्छे नियुक्त गरियो भने यसले नेपालको उच्च शिक्षालाई कहिल्यै नउठ्ने गरी धराशायी बनाउने निश्चित छ । यसले राज्य संयन्त्रमाथि नागरिकको बाँकी रहेको भरोसा पनि टुट्ने छ ।

उपकुलपति छनोट गर्ने यसपालिको नयाँ प्रक्रिया नेपालको शैक्षिक क्षेत्रलाई राजनीतिकरणको दलदलबाट मुक्त गर्ने एउटा प्रस्थानबिन्दु बनोस् ।

**– कविता पराजुली**
कीर्तिपुर, काठमाडौं

### जानकारी

अब यस दैनिकले हरेक दिन पत्र-मञ्जुषा स्तम्भ सुरु गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ । *-संपादक*

prabhabdailynews@gmail.com
facebook.com/prabhab online

श्रम सरोकार

## साउदी अरेबियामा रहेका नेपालीहरूले अपनाउनुपर्ने सावधानी

पछिल्ला दिनहरूमा साउदी अरेबियाका केही दूरसञ्चार कम्पनीहरूका प्रतिज्ञापत्रहरूका प्रावधानहरू कार्यान्वयनका नाममा हुने गरेका विभिन्न किसिमका ठगी बढेको पाइएको छ । जसमा धेरै नेपालीहरू आफूले लिँदै नलिएको वित्तीय दायित्वको झमेलामा परी कानुनी कारबाहीमा पर्दै आएको साउदीस्थित नेपाली दूतावासले जनाएको छ । अनधिकृत व्यक्तिहरूबाट सिमको खरिद गर्दा र आफ्ना व्यक्तिगत विवरणहरू जथाभावी बाँड्दा यस्ता घटनाहरू घटेका हुनसक्ने भन्दै दूतावासले निम्न सावधानी अपनाउन अपिल गरेको छ ।

अज्ञात फोन कल वा मेसेजबाट सचेत रहने

कुनै प्रकारको प्रलोभन देखाइ, चिठ्ठा परेको भनी वा बैंक तथा सरकारी कार्यालयको कर्मचारी हो भनी कसैले तपाईंको ओटिपीलगायतका व्यक्तिगत विवरण मागेमा नदिने ।

मोबाइल सेवा खरिद गर्दा सावधानी अपनाउने

खुला पसलहरू वा अनधिकृत डिलरहरूबाट सिमकार्ड नकिन्ने । मोबाइल सिम कार्ड, इन्टरनेट सेवा, वा किस्ताबन्दी योजनाहरू खरिद गर्दा सम्झौताका सर्तहरू ध्यानपूर्वक अध्ययन गर्ने । सेवा प्रदायक वा एजेन्टहरूसँग माथि उल्लिखित विषयमा सम्झौता गर्दा आफ्नो जानकारीको दुरूपयोग नहुने कुरा सुनिश्चित गर्ने ।

आफ्नो व्यक्तिगत जानकारी र कागजातहरू सुरक्षित राख्ने

आफ्नो इकामा, राहदानी, बैंक विवरण वा अन्य व्यक्तिगत कागजातहरू अनावश्यकरूपमा कसैलाई नदिने । यदि कोही कसैले तपाईंको इकामा मागेमा मागिएको विवरणहरू किन आवश्यक छ भनी पहिले राम्रोसँग बुझ्नुहोस् । तपाईंको कम्पनी वा अन्य कुनै निकाय वा व्यक्तिले कुनै कागजमा तपाईंलाई हस्ताक्षर गर्न भनेमा त्यसमा लेखिएको व्यहोरा बुझेर उचित लागेमा मात्र हस्ताक्षर गर्नुहोस् ।

अब्शेर खाताको जानकारी सुरक्षित राख्ने

आफ्नो अब्शेर खाताको विवरण, पासवर्ड, वा ओटिपी कसैलाई पनि नदिने । अपरिचित व्यक्तिलाई तपाईंको अबशेर खाता खोल्न, अपडेट गर्न, वा परिवर्तन गर्न सहयोग नमाग्नुहोस् । कसैले सहयोग गर्छु भने पनि त्यस्तो व्यक्तिको सहयोग नलिने । आफ्नो मोबाइल फोन कसैलाई पनि नदिने ।



**रोपाइको तयारी** | कास्कीको पोखरा महानगरपालिका-२४ पामे फाँटमा शनिबार रोपाइँका लागि धानको बीउ काढ्दै किसान । *तस्बिरः रासस*

# गाउँका विभेदकारी नाम परिवर्तन गर्ने अभियानमा स्थानीय तह



**दशरथचन्द (बैतडी)**– जिल्लाका विभिन्न स्थानीय तहले गाउँका विभेदकारी नाम परिवर्तन गर्ने अभियान थालेका छन् । यहाँका स्थानीय तहले विगतमा विभिन्न जाति र समुदायलाई अपहेलना गर्नेगरी राखिएका नाम परिवर्तन गर्न थालेका हुन् ।

यस क्रममा पाटन नगरपालिका-५ मा रहेको डिम्यौडा टोलको नाम परिवर्तन गर्दै सिर्जना टोल राखिएको छ । दलित समुदायको बसोबास रहेको उक्त गाउँलाई अपहेलित तवरले डिम्यौडा भन्ने गरिएकाले नाम परिवर्तन गरिएको वडाध्यक्ष फुनिसिंह बोहराले जानकारी दिए ।

'दलित समुदायको बसोबास रहेकाले त्यहाँ पहिलेका मानिसले होच्याउने गरी टोलको राखेका थिए, त्यसलाई परिवर्तन गरी सिर्जना टोल राखेका छौं,' अध्यक्ष बोहराले भने, 'त्यस बस्तीका मानिसले कलाकौशलबाट विभिन्न सामग्री सिर्जना गर्ने भएकाले सिर्जना टोल राखेका हौं ।'

अभियानअन्तर्गत हालसम्म २२ वटा गाउँको नाम परिवर्तन गरिएको पाटन नगरपालिकाका उपप्रमुख कमलसिंह बोहराले जानकारी दिए । जातीयताका आधारमा अपहेलना हुने खालका नामलाई परिवर्तन गरिएपछि स्थानीयले आत्मसम्मान महसुस गरेका उनले बताए ।

स्थानीयले पनि वर्षौंपछि जातीय अपमान हुने गरी राखिएका नाम परिवर्तन हुँदा केही सहज महसुस भएको बताएका छन् । 'वर्षौंपछि गाउँका नाम परिवर्तन गरिएका छन्, पहिले आफ्नो गाउँको भन्नसमेत असहज हुन्थ्यो, हाल केही सहज महसुस भएको छ,' पाटन-६ का स्थानीय राजु भुलले भने ।

जिल्लाको दोगडाकेदार गाउँपालिकाले पनि अपमानित हुने नाम सच्याउने निर्णय गरेर कार्यान्वयनको चरणमा रहेको प्रवक्ता दिनेशप्रसाद भट्टले जानकारी दिए । 'स्थानीयसँग समन्वय गर्दै गाउँको नाम फेर्न प्रस्ताव माग गर्नुका साथै छलफल अघि बढाएका छौं, यसै वर्षभित्र यहाँका धेरै गाउँका नाम परिवर्तन गर्ने योजना बनाएका छौं,' उनले भने । *रासस*

शुक्लाफाँटामा युवा सम्मेलन

# जलवायु संकटविरूद्ध सक्रिय भूमिका निर्वाह गर्ने प्रतिबद्धता

**कञ्चनपुर–** शुक्लाफाँटा नगरपालिकामा शनिबार साँझ सम्पन्न पालिकास्तरीय युवा सम्मेलनले जलवायु संकटविरुद्ध युवाको सक्रिय भूमिका र वातावरण संरक्षणलाई व्यावहारिकरूपमा कार्यान्वयन गर्नुपर्नेमा जोड दिएको छ ।

चुरे विनाश, अस्वाभाविक गर्मी (लू) र बढ्दो प्लास्टिक प्रदूषणका कारण कञ्चनपुरसहितका क्षेत्र गम्भीर वातावरणीय जोखिममा परेका सम्मेलनको निष्कर्ष छ । विश्व वातावरण दिवसका अवसरमा शुक्लाफाँटा नगरपालिकाको समन्वय तथा निड्स नेपालको व्यवस्थापनमा आयोजित सम्मेलनका सहभागी युवाले जलवायु संकटविरुद्ध सक्रिय भूमिका निर्वाह गर्ने प्रतिबद्धता पनि जनाएका छन् ।

सहभागीहरूले जलवायु संकट गम्भीर चुनौती बनेकामा चिन्ता व्यक्त गर्दै पर्यावरणीय सन्तुलन कायम राख्न बोटबिरुवा हुर्काउने र बाँझो जग्गामा बिरुवा रोप्नुपर्नेमा जोड दिएका छन् । नगरप्रमुख रणबहादुर महराले वातावरण संरक्षण केवल सरकारी निकायको जिम्मेवारी नभई समुदाय र विशेषगरी युवाको साझा दायित्व भएको बताए । उनले युवाहरूले सकारात्मक सोच, सामाजिक नेतृत्व र स्वयंसेवामार्फत वातावरणीय अभियानलाई जनस्तरसम्म पुऱ्याउनुपर्नेमा जोड दिए ।

नगरउपप्रमुख कल्पना पन्तले जलवायु परिवर्तनका कारण वर्षाको स्वरूप बदलिँदै गएको, अत्यधिक गर्मी बढ्दै गएको तथा चुरे क्षेत्रको क्षयीकरणले वातावरणीय सन्तुलनमा गम्भीर असर पारिरहेको बताइन् । प्राकृतिक स्रोत संरक्षण र वातावरणमैत्री जीवनशैली अपनाउन नसके भविष्यमा पानी, कृषि उत्पादन र जैविक विविधतामा थप संकट उत्पन्न हुन सक्ने उनको भनाइ थियो ।

प्रमुख प्रशासकीय अधिकृत खेमराज विष्टले विश्व वातावरण दिवसको सान्दर्भिकता, स्थानीय तहमा देखिएका वातावरणीय चुनौती तथा युवा जनशक्तिको भूमिकाबारे चर्चा गरे । उनले वातावरणीय असन्तुलनले मानव स्वास्थ्यमा असर पारिरहेको उल्लेख गर्दै स्वस्थ जीवनशैली, योग, मानसिक स्वास्थ्य र प्रकृतिसँगको सम्बन्धलाई सुदृढ बनाउनुपर्ने आवश्यकता औंल्याए ।

कञ्चनपुर जिल्ला अदालतका न्यायाधीश राजेन्द्र भण्डारीले युवाको सहभागिता, नेतृत्व विकास र बढ्दो युवा पलायनका चुनौतीबारे धारणा राख्दै स्थानीय विकास, वातावरण संरक्षण र सामाजिक रूपान्तरणका क्षेत्रमा युवाहरूलाई अवसर सिर्जना गर्नुपर्ने बताए ।

वातावरण संरक्षणमा निरन्तर पैरवी गर्दै आएका केशवराज पन्तले जलवायु परिवर्तनका कारण पारिस्थितिकीय प्रणालीमा परेको प्रभाव, जैविक विविधताको संरक्षण र स्थानीयस्तरमा अपनाउन सकिने अनुकूलनका उपायबारे प्रस्तुति दिए । उनले वन, जलस्रोत र वन्यजन्तुको संरक्षणलाई जलवायु संकट समाधानको महत्त्वपूर्ण आधारका रूपमा लिनुपर्ने उल्लेख गरे ।

वातावरण संरक्षण अभियन्ता सरस्वती पुरी बमले प्लास्टिकजन्य प्रदूषण वातावरणका लागि प्रमुख चुनौती बनेको बताउँदै यसको प्रयोग न्यूनीकरण, फोहोरको उचित व्यवस्थापन र समुदायस्तरीय सरसफाइ अभियानमा युवाको सक्रिय भूमिका आवश्यक रहेको उल्लेख गरिन् ।

सम्मेलनमा युवा अभियन्ता दुर्गा वडुवाल र विष्णुदत्त अवस्थीले युवा नेतृत्व, सहभागिता र सामाजिक जिम्मेवारीका विषयमा सहजीकरण गरेका थिए । सहभागी युवाहरूले वातावरण संरक्षण, सरसफाइ, जलवायु परिवर्तन न्यूनीकरण तथा समुदायस्तरमा सञ्चालन गर्न सकिने अभियानबारे समूहगत छलफलसमेत गरेका थिए ।

छलफलपछि जारी प्रतिबद्धतापत्रमा वातावरण तथा प्राकृतिक स्रोतहरूको दिगो उपयोग गर्दै संरक्षणमा सक्रिय भूमिका निर्वाह गर्ने, एकपटक प्रयोग हुने प्लास्टिकजन्य सामग्रीको प्रयोग न्यूनीकरण गरी वातावरणमैत्री विकल्पलाई प्रोत्साहन गर्ने उल्लेख गरिएको छ । घर, विद्यालय, कार्यस्थल तथा समुदायलाई सफा, स्वच्छ र स्वस्थ राख्न नियमित सरसफाइ अभियानमा सहभागी हुने, फोहोरलाई स्रोतमै वर्गीकरण गरी पुनःप्रयोग, पुनःचक्रण (रिसाइकल) तथा उचित व्यवस्थापनलाई प्रवर्द्धन गर्ने प्रतिबद्धता जनाइएको छ ।

युवाले वातावरण संरक्षण, सरसफाइ तथा जलवायु अनुकूलनसम्बन्धी जनचेतना अभिवृद्धिका लागि समुदायमा सक्रियरूपमा सूचना र सन्देश प्रवाह गर्ने, वृक्षारोपण, हरियाली प्रवर्द्धन तथा जैविक विविधता संरक्षणका कार्यक्रममा निरन्तर सहभागिता जनाउने प्रतिबद्धता व्यक्त गरेका छन् । मानव र वन्यजन्तुबीचको सहअस्तित्व प्रवर्द्धन गर्दै वातावरणीय सन्तुलन कायम गर्न योगदान पुऱ्याउने, स्थानीय सरकार, विद्यालय, सामुदायिक संस्था तथा अन्य सरोकारवालासँग सहकार्य गरी वातावरण संरक्षणका अभियान सञ्चालन गर्ने प्रतिबद्धता व्यक्त गरिएको छ ।

युवाले वातावरण संरक्षणलाई व्यक्तिगत तथा सामाजिक जिम्मेवारीका रूपमा ग्रहण गर्दै भावी पुस्ताका लागि स्वच्छ वातावरण निर्माणमा योगदान पुऱ्याउने तथा सामाजिक कुरीति, कुसंस्कार तथा लागू पदार्थ दुर्व्यसनविरुद्ध चेतनामूलक कार्यक्रम सञ्चालन गर्ने प्रतिबद्धता जनाएका छन् ।

सम्मेलनमा नगरपालिकाका १२ वटै वडाका ७० जना युवासहित जनप्रतिनिधि, वातावरणविद्, सञ्चारकर्मी र सरोकारवाला निकायका प्रतिनिधि सहभागी थिए । सम्मेलनले सन्तोष धामीको संयोजकत्वमा ११ सदस्यीय 'जलवायु उत्थानशील युवा मञ्च' तदर्थ समिति गठन गरेको छ । *रासस*

# सकियो अन्तरव्यवस्थापिका सम्मेलन
# नौ बुँदे टीकापुर सन्देशपत्र जारी




■ प्रभाव संवाददाता

**टीकापुर (कैलाली)**– अन्तरव्यवस्थापिका मञ्चको ११औं सम्मेलन सहकार्य र अन्तरआबद्धतालाई सूचना प्रविधियुक्त बनाउन संघीय संसद् र सबै प्रदेशसभाले 'डिजिटल पार्लियामेन्ट' प्रणाली विकास गर्नेलगायत नौ बुँदे टीकापुर-सन्देशपत्र जारी गर्दै सम्पन्न भएको छ ।

संसदीय गतिविधिमा सूचना प्रविधिमार्फत नागरिक सहभागिता सुनिश्चित गर्न एवं तहगत व्यवस्थापिकाबीच 'डिजिटल पार्लियामेन्ट' प्रणाली विकास गर्ने घोषणासहित कैलालीको टीकापुरमा सम्मेलन सम्पन्न भएको हो । टीकापुरमा आयोजित दुईदिने सम्मेलनमा संविधानले परिकल्पना गरेको संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको मर्मलाई आत्मसात् गर्दै संघ, प्रदेश र स्थानीय तहका कानुन निर्माण र व्यवस्थापकीय कार्य प्रक्रियालाई सहकारिता, समन्वय र सहअस्तित्वको संवैधानिक सिद्धान्तअनुरूप प्रभावकारी कार्यान्वयन गर्ने छलफल भएको थियो ।

सम्मेलनबाट जारी सन्देशपत्रमा संघ, प्रदेश र स्थानीय तहबाट हुने कानुन निर्माण र संसदीय काम कारबाहीलाई छिटो, छरितो र पारदर्शी तुल्याउन, तहगत संसद् र सभाबीच प्रभावकारी सहकार्य र अन्तरआबद्धता स्थापित गर्ने जनाइएको छ । यसका लागि संघीय संसद्सँग समन्वय गर्न सबै प्रदेशसभाले संघ-प्रदेश समन्वय शाखा/एकाइ स्थापना गर्ने र अन्तरव्यवस्थापिका मञ्चको सचिवालयको कार्य संघीय संसद् सचिवालयको प्रदेशसभा सम्पर्क तथा समन्वय शाखाले गर्ने सन्देशपत्रमा उल्लेख छ ।

तीनै तहका कानुन निर्माण एवं व्यवस्थापकीय कामलाई अनुसन्धान तथा विकास र नवप्रवर्तनमा आधारित बनाउन, संघीय संसद्, प्रदेशसभा तथा स्थानीय तहका जनप्रतिनिधि एवं कर्मचारीको क्षमता अभिवृद्धिका कार्यक्रम सञ्चालन गर्न संघीय संसद्अन्तर्गत एक व्यवस्थापकीय प्रतिष्ठान स्थापनाका लागि विशेष पहल गर्ने भनिएको छ ।

सन्देशपत्रमा सरकारको नीति तथा कार्यक्रम, पूर्वबजेट छलफल एवं संसदीय बजेट निर्माण कार्यलाई प्रभावकारी र नतिजामूलक बनाउन आगामी आर्थिक वर्षभित्र संघीय संसद् र प्रदेशसभाबाट आवश्यक कानुनी व्यवस्थासहित संसदीय बजेट कार्यालय स्थापनाको कार्य अघि बढाउने, संघीय संसद् तथा प्रदेशसभाका सदस्यको कार्यगत दक्षता अभिवृद्धि गरी कानुन तर्जुमा कार्य एवं संसदीय क्रियाकलापलाई गुणस्तरीय र प्रभावकारी तुल्याउन संघीय संसद् तथा प्रदेशसभाका सदस्यलाई अत्यावश्यक रहेका सहयोगी कर्मचारी व्यवस्था गर्न सम्बन्धित निकायमा पहल गर्ने जनाइएको छ ।

यसैगरी, संघ, प्रदेश र स्थानीय तहका उदाहरणीय विधायिकी अभ्यास तथा व्यवस्थापकीय कार्यकुशलता आदानप्रदान गर्न संघ, प्रदेश र स्थानीय तहका पदाधिकारी एवं कर्मचारीबीच आवश्यकताअनुसार अन्तरक्रिया, छलफल तथा समीक्षा कार्यक्रम आयोजना गर्ने, प्रदेशसभामा कर्मचारी व्यवस्थापनमा समस्या भई सभा सञ्चालन तथा कानुन निर्माणलगायतको कार्यमा प्रत्यक्ष प्रभाव परेको सन्दर्भमा पनि ध्यानाकर्षण गराइएको छ । त्यसका लागि नेपालको संविधानको भाग २९ मा रहेको संघ, प्रदेश र स्थानीय तहबीच अन्तरसम्बन्धअन्तर्गत धारा २३१ को उपधारा (३) को व्यवस्थाअनुसार कर्मचारी व्यवस्थापन गर्न संघीय संसद्, प्रदेशसभाको कर्मचारीका लागि एउटै सेवा गठनसम्बन्धी आवश्यक कानुन निर्माण गर्न नेपाल सरकारलाई अनुरोध गर्ने निचोड निकालिएको छ ।

संघीय संसद्, प्रतिनिधिसभाका उपसभामुख, राष्ट्रिय सभाका उपाध्यक्ष तथा प्रदेशसभाका उपसभामुखहरूको कामकारबाही एवं भूमिकालाई अझ बढी सक्रिय एवं प्रतिफलमूलक बनाउने विषयमा पनि गम्भीर चासो व्यक्त गरिएको छ । त्यस सम्बन्धमा नेपालको संविधान र प्रचलित कानुनसमेतको अध्ययन गरी तीन महिनाभित्र सुझावसहितको प्रतिवेदन पेस गर्न राष्ट्रिय सभाका सचिव तुलबहादुर कँडेलको संयोजकत्वमा कोशी प्रदेशसभाका सचिव सुदर्शन खड्का र लुम्बिनी प्रदेशसभाका सचिव दुर्लभकुमार पुन मगर सदस्य रहेको अध्ययन समिति गठन गर्ने र समितिबाट प्रतिवेदन पेस भएपश्चात् अन्तरव्यवस्थापिका मञ्चको बैठक बसी आवश्यक निर्णय गर्ने पनि सन्देशपत्रमा उल्लेख छ । मञ्चको १२ औं सम्मेलन कर्णाली प्रदेशमा आयोजना गरिने तय भएको छ ।

डि.स.का.भ.पु.द.नं. ५१९(४००) ०६६/०६७
प्यान नं ३०४००५४७९

**बिश्वास बचत तथा ऋण सहकारी संस्था लि.,**
मध्यपुर थिमि नगरपालिका-६ भक्तपुर, फोन नं. ६६३८६३३, ६६३५५४
इमेल : bishwashsaving@gmail.com

**तपसिलमा उल्लेखित सदस्य ऋणीलाई कर्जा चुक्तागर्न आउने ३५ दिने सूचना**

**प्रथम पटक प्रकाशित मितिः-२०८३/०२/२५ गते**

यस बिश्वास बचत तथा ऋण सहकारी संस्था लिमिटेड मध्यपुर थिमि नगरपालिका मध्यपुरबाट विभिन्न मितिमा बिभिन्न शिर्षक अन्तर्गत ऋणी भई यस संस्थामा सुरक्षण वापत सम्पति धितो जमानत राखी तपसिलका ऋणीले लिनु भएको साँवा व्याज रकम नतिरी संस्था सँग भए गरेका शर्त बमोजिम यस संस्थामा समय समयमा बुझाउनु पर्ने किस्ता तथा साँवा व्याज नबुझाई भाका नघाई ऋण सम्बन्धि शर्त बन्देज उल्लंघन गर्नु भएको र सो सम्बन्धमा पटक पटक मौखिक तथा लिखित संचार मार्फतबाट ताकेतार गरी संस्थाको सूचनापाटीमा सूचना प्रकाशित गर्दा समेत संस्थाको साँवा व्याज हर्जना रकम चुक्ता गर्ने तर्फ कुनै चासो नदेखाई वेवास्ता गर्नु भएको हुनाले यो सूचना प्रकाशित भएको ३५ (पैत्तिस) दिनभित्र यस संस्थामा सम्पर्क राखि संस्थालाई बुझाउनु पर्ने बाकी साँवा व्याज हर्जना समेत बुझाउन हुन यो सूचना मार्फत पुन सुचित गरिन्छ। अन्यथा सहकारी नियमावलि २०७५ नियम ४६ तथा मुलुकी देवानी कार्यविधि सहिता २०७४ को दफा १५६ नं बमोजिम कर्जा असुली न्यायाधिकरणमा मुद्दा दर्ता गरी संस्थाको आफ्नो लेना रकम असुल उपर गर्ने व्यहोरा ऋणी जमानीकर्ता व्यक्ति सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। एकापरिवार भित्रको सदस्यको सम्पतिबाट समेत असुल उपर गरिने सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**ऋणीको तिनपुस्ते नाम ठेगाना तथा सुरक्षणको विवरण**

| | | |
|---|---|---|
| **ऋणीको नाम, थर/ विवरण** |  | |
| ऋणी : अन्जु सिकेमन<br>पतिको नाम : केतावली चुरौटे<br>ससुराको नाम :कादिर चुरौटे<br>ना.प्र.नं ३४८६२ मिति २०६३।०९।०९, भक्तपुर<br>ठेगाना : भक्तपुर जिल्ला म.थि.न.पा. वडा नं.७<br>हालम.थि.न.पा. वडा नं ७ नगदेश | | |
| **जमानीकर्ताको नाम ठेगाना विवरण** | | |
| ऋणीको श्रीमान्<br>नाम : केतावलि चुरौटे बुबा : कादिर चुरौटे<br>श्रीमती : अन्जु सिकेमन<br>नं.प्र.नं १८३०७४/११८३<br>ठेगाना : महोत्तरी जिल्ला बर्दिवास.न.पा. वडा नं. २ हाल म.थि.न.पा.वडा नं ७ नगदेश |  | |
| **ऋणीको नाम, थर र विवरण** | | |
| ऋणी : नेम खड्गे<br>बुबा : श्याम कृष्ण खड्गे<br>बाजे: काजी मान खड्गे<br>ना.प्र.नं २९/४५९० मिति २०५१।११।०२, भक्तपुर<br>ठेगाना : भक्तपुर जिल्ला म.थि.न.पा. वडा नं.६ बाहाखा |  | |
| **जमानीकर्ताको नाम ठेगाना विवरण** | | |
| ऋणीको छोरी<br>नाम : निमा खड्गे बुबा : नेम खड्गे<br>बाजे : श्याम कृष्ण खड्गे<br>ना.प्र.न : २९-०१-७२-०३९३१<br>जारी मिति- २०७२-०९-१३<br>ठेगाना : भक्तपुर जिल्ला म.थि.न.पा. वडा नं.६ बाहाखा |  | |

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – ३००८०० | प्रति तोला – ० | प्रति तोला – ४८९५ |



**निर्माणाधीन लुमुघाट पुल** | तेह्रथुम र पाँचथर जोड्ने तमोर नदीमा निर्माणाधीन लुमुघाट मोटरेबल पुल । १३ वर्षअघि निर्माण सुरु भएको पुल अझै निर्माण सम्पन हुन सकेको छैन । *तस्बिरः रासस*

# तीन सातामा २७ सय पर्यटक हुम्ला भित्रिए

**सिमकोट (हुम्ला)–** हुम्लाहुँदै हिन्दूहरूको पवित्र तीर्थस्थल मानसरोवर र कैलाश दर्शन गर्न जाने विदेशी तीर्थयात्री बढेका छन् । पछिल्ला केही दिनयता कैलाश मानसरोवर दर्शन गर्न जाने भारतीय धार्मिक पर्यटकको आगमन बढ्दै गएको छ ।

हुम्लाको हिल्सानाका गत वैशाख पहिलो सातादेखि सञ्चालनमा आएको भए पनि वैशाख ३० गतेदेखि विदेशी पर्यटक हुम्ला आउन सुरु गरेका प्रमुख जिल्ला अधिकारी टेकराज रेग्मीले बताए । वैशाखमा सुनासान देखिएको सिमकोट विमानस्थलमा जेठ पहिलो सातादेखि विदेशी पर्यटकको आगमन बढेको उनले बताए ।

गत वैशाख ३० गतेदेखि जेठ महिनाको २३ गतेसम्म नेपालगञ्ज भएर हुम्लाहुँदै मानसरोवर कैलाश दर्शन गर्न जाने भारतीय तथा अन्य देशका दुई हजार ७४७ पर्यटक हुम्ला भित्रिएका छन् । वैशाख महिनामा ५५ महिला र ५९ पुरुष पर्यटक जिल्ला पुगेका जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक शंकर खड्काले बताए ।

जेठमामात्रै मानसरोवर कैलाश दर्शन गर्ने पर्यटकको संख्या एक्कासि बढेको छ । यस महिनामा एक हजार २९२ महिला र एक हजार ३४० पुरुष गरी दुई हजार ६३२ विदेशी पर्यटक मानसरोवर कैलाश दर्शनका लागि पुगेका थिए । नाका सञ्चालनमा आएपछि मानसरोवर कैलाश दर्शन गर्न आउने विदेशी पर्यटकको संख्या अझै बढ्ने अपेक्षा गरिएको छ ।



कैलाश मानसरोवर दर्शनका लागि हुम्लाको बाटो छोटो पर्ने भएकाले पछिल्लो समय सिमकोट विमानस्थलमा भारतीय यात्रुको चाप देखिन थालेको छ । चीनले हिल्सा नाकालाई हुम्लावासीसहित भारतीय पर्यटकका लागि खुला गरेपछि धार्मिक पर्यटकको संख्या वृद्धि भएको सिमकोट विमानस्थलमा कार्यरत दीपेन्द्र भण्डारीले बताए । उनले भने, 'कैलाश मानसरोवरको दर्शन गर्न हुम्लामा कोरोना संक्रमणपछिकै यो ठूलो संख्या हो, भारतीय पर्यटक आउने क्रम बढेको छ ।'

उनका अनुसार मौसम अनुकूल भएको अवस्थामा दैनिक पाँचदेखि १० वटासम्म नेपालगञ्जबाट यहाँ उडान हुने गरेको छ । सीता, समिट र तारा एयरले उडान भर्दै आएका छन् । सिमकोट विमानस्थलबाट हिल्साका लागि विभिन्न हेलिकप्टरलेसमेत पर्यटकलाई सेवा दिइरहेका छन् ।

भारतीय पर्यटक हुम्लाहुँदै कैलाश मानसरोवर दर्शन गर्न जाने हुँदा यहाँका नागरिकले रोजगारी पाउनुका साथै सदरमुकाम सिमकोटसहित हिल्सा नाकामा रहेका होटल सञ्चालकले मनग्य आम्दानी गरिरहेका हुम्ला उद्योग वाणिज्य संघका अध्यक्ष रामबहादुर भण्डारीले बताए । उनका अनुसार होटल व्यवसायीमात्रै नभएर यहाँका अन्यले पनि रोजगारी पाएका छन् । सदरमुकाम सिमकोटसहित हिल्साका होटल पर्यटकले भरिभराउ छन् ।

सिमकोट र नाम्खा गाउँपालिकाले हुम्ला पुगेका विदेशी पर्यटकबाट शुल्कसमेत उठाउँदै आएको छ । भारतीय पर्यटकलाई प्रतिव्यक्ति एक हजार रूपैयाँ शुल्क उठाउँदै आएको छ । जेठ, असार र साउन महिना कैलाश मानसरोवर दर्शन गर्ने उपयुक्त समय हो । *रासस*

# इभीका लागि देशभर १० हजार चार्जिङ स्टेसन निर्माण गर्न सुझाव

**काठमाडौं–** पूर्वाधार विकास मन्त्रालयले गरेको एक अध्ययनअनुसार देशभर विद्युतीय सवारीसाधन (इभी)को थप प्रवर्द्धनका लागि मुलुकभर कम्तीमा १० हजार चार्जिङ स्टेसन निर्माण गर्नुपर्ने देखिएको छ । मन्त्रालयले गरेको 'नेपालमा इभी प्रवर्द्धनका लागि अवसर, चुनौती र सम्भावना' सम्बन्धी अध्ययन प्रतिवेदनले मुलुकभर १० हजार चार्जिङ स्टेसन निर्माण गर्नुपर्ने जनाएको हो ।



सन् २०३० सम्म उक्त संख्यामा चार्जिङ स्टेसन निर्माण गर्न सकिएमा विद्युतीय सवारीसाधनको प्रवर्द्धन उल्लेख्यरूपमा हुने प्रतिवेदनमा उल्लेख गरिएको छ । हाल देशभर कूल एक हजार चार्जिङ स्टेसन सञ्चालनमा छन् । अधिकांश स्टेसन विद्युतीय सवारीसाधनका आधिकारिक बिक्रेताले सञ्चालन गर्दै आएका छन् ।

विशाल ग्रुप, पारामाउन्ट मोटर्स, सिजी अटोमोबाइल्सलगायतले २५०, एमएडब्ल्यूले १६०, साइमेक्स इंकले ७०, दिगो प्रालिले १२० वटा, त्रिवेणी ग्रुपलगायतले १७ वटा चार्जिङ स्टेसन निर्माण गरी सञ्चालन गरिरहेका छन् । अधिकांश स्टेसन काठमाडौं, पोखरा, भरतपुरलगायत मुख्य सहर क्षेत्रमा केन्द्रित छन् ।

साविक भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले एक कार्यदल बनाएर विद्युतीय सवारीसाधनको प्रवर्द्धनका लागि गर्नुपर्ने तयारीका बारेमा प्रतिवेदन बुझाएको थियो । सो मन्त्रालयका सहसचिव कृष्णराज पन्थ संयोजक रहेको कार्यदलले तयार पारेको प्रतिवेदनअनुसार चार्जिङ पूर्वाधार, ब्याट्रीको लागत, सडक पूर्वाधार, ब्याट्रीको पुनः उपयोग तथा डिस्पोजललाई चुनौतीका रूपमा दर्शाएको छ ।

त्यस्तै, दक्ष जनशक्ति र अन्तर्राष्ट्रिय अनुभव, निजी क्षेत्रको सीमित सहभागिता, सीप विकासको अभाव, सवारीसाधनका पार्टसको आयातमा रहेको निर्भरतालाई चुनौतीका रूपमा देखाएका छन् । उच्च सुरुआती लागत र न्यून पुनः बिक्री मूल्य, सवारीसाधनको गुणस्तर, योग्य चालकको अभाव, ठूला सवारी तथा मालवाहक सवारीकारूपमा विद्युतीय सवारीको प्रयोग हुन नसक्नुलाई चुनौतीका रूपमा लिइएको छ ।

विद्युतीय यातायातमैत्री भौतिक पूर्वाधारमा लगानी, निजी लगानी प्रोत्साहन, चार्जिङ स्टेसनहरू र ब्याट्री स्वापिङ (विद्युतीय सवारीसाधन चार्ज गर्ने आधुनिक र तीव्र प्रविधि) नीति, ब्याट्रीको जीवन र व्यवस्थापनको चुनौती, प्रविधिको अनुसन्धान र विकास, मापदण्ड तर्जुमा नहुनुलाई पनि चुनौतीका रूपमा लिइएको छ ।

पूर्वाधार विकास मन्त्रालयले गरेको 'नेपालमा इभी प्रवर्द्धनका लागि अवसर, चुनौती र सम्भावनाको अध्ययन प्रतिवेदन' अनुसार राजमार्ग, ग्रामीण क्षेत्र र गाउँमा चार्जिङ अपर्याप्त रहेकाले विद्युतीय सवारीलाई सार्वजनिक साधनका रूपमा प्रयोगमा ल्याउन तथा लामो दूरी यात्रामा व्यवस्थापन गर्न समस्या हुने गरेको छ ।

जलविद्युत्को आन्तरिक खपत वृद्धि गर्ने उद्देश्यका साथ सरकारले विद्युतीय सवारीसाधनको प्रवर्द्धन गर्ने नीति लिएको छ । आगामी आर्थिक वर्षको बजेटमा पनि सरकारले विद्युतीय सवारीसाधनको प्रवर्द्धन गर्ने लक्ष्य राखेको छ । मुद्रा सटहीमा बचत हुने भएकाले यसलाई विद्युत् प्राधिकरणले १४२ किलोवाट क्षमताका ६२ वटा द्रुत गतिका चार्जर सञ्चालन गरिरहेको छ ।

प्राधिकरणले चालु आवमा सात प्रमुख ठाउँमा पूर्वाधार विस्तारका लागि एक करोड रूपैयाँभन्दा बढी बजेट विनियोजन गरेको थियो । देशभर करिब एक लाख किलोमिटर सडक सञ्जाल पुगेको छ । विद्युतीय सवारीको चार्जिङ स्टेसनमार्फत अधिकतम उपयोग गरी आन्तरिक खपत वृद्धि गर्ने, स्वदेशी ऊर्जाको माध्यमबाट विश्वव्यापी रूपमा इन्धनको मूल्यमा हुने अस्थिरता र आपूर्ति अवरोधबाट मुलुकलाई जोगाउन पनि विद्युतीय सवारीसाधनको प्रवर्द्धन गर्ने नीति लिइएको हो ।

ऊर्जा जलस्रोत तथा सिँचाइमन्त्री विराजभक्त श्रेष्ठले विद्युतीय सवारीसाधनको प्रवर्द्धनका लागि मन्त्रालयले योजनाबद्ध प्रयास गरिरहेको जानकारी दिए । मन्त्रालयले तयार पारेको 'ऊर्जा खपत वृद्धि तथा निर्यात रणनीति, २०८३' मा देशभर चार्जिङ स्टेसनको सञ्जाल विस्तार गर्ने उल्लेख छ । सो कार्य आर्थिक वर्ष २०८५/८६ सम्म सम्पन्न गर्ने लक्ष्य राखिएको छ ।

पेट्रोलपम्पमा चार्जिङ स्टेसन र सार्वजनिकरूपमा विद्युतीय सवारीसाधनलाई प्राथमिकता दिने लक्ष्य निर्धारण गरेको छ । सो कार्यका लागि ऊर्जा मन्त्रालयले जिम्मेवार निकायका रूपमा प्राधिकरणलाई तोकेको छ । प्रमुख सहरहरूमा विद्युतीय बस र ट्रली बस सञ्चालन गरी आन्तरिक विद्युत् खपत क्षमता विकास गर्ने ऊर्जाको लक्ष्य छ ।

दिगो लक्ष्यअनुसार सन् २०३० सम्म ९० प्रतिशत निजी विद्युतीय सवारीसाधन र सन् २०४५ सम्म 'नेट शून्य कार्बन' उत्सर्जनको नेपालको लक्ष्य प्राप्ति गर्न विद्युतीय सवारीको महत्त्वपूर्ण भूमिका रहने देखिन्छ । अवसरका रूपमा चित्रण गर्दै अध्ययन प्रतिवेदनले कम सञ्चालन लागत र रोजगारी सिर्जना, वायु प्रदूषणमा कमी आउने, सार्वजनिक यातायातको आधुनिकीकरण र सडक दुर्घटनामा कमी आउने, सहरी यातायात दक्षता र पर्यटकीय आकर्षण बढ्ने उल्लेख छ । *रासस*

# निजी क्षेत्रको भूमिका अझ सशक्त बनाउन जोड

■ **प्रभाव संवाददाता**

**महोत्तरी–** नेपाल चेम्बर अफ कमर्सका सल्लाहकार परिषद् अध्यक्ष एवं पूर्वअध्यक्ष राजेशकाजी श्रेष्ठले विश्वबजारसँग जोडिन निजी क्षेत्रको भूमिका अझ सशक्त हुनुपर्ने बताएका छन् । महोत्तरी चेम्बर अफ कमर्सको आयोजनामा 'नेपालको वर्तमान उद्योग, व्यापार तथा अन्तर्राष्ट्रिय बजारसँगको समन्वय : अवस्था, अवसर, चुनौती र भावी मार्गचित्र' विषयक अन्तरक्रिया कार्यक्रम तथा प्रमाणपत्र वितरण समारोहलाई सम्बोधन गर्ने क्रममा उनले सो धारणा राखेका हुन् ।

उनले आर्थिक, धार्मिक एवं सांस्कृतिक महत्त्वका दृष्टिले जनकपुर एवं बर्दिवास क्षेत्र देशको महत्त्वपूर्ण क्षेत्रमध्येको एक रहेको उल्लेख गर्दै चारै दिशाबाट सडक सञ्जालमार्फत जोडिएकाले यस क्षेत्र केवल भौगोलिक रूपमामात्र नभई विकासका दृष्टिले पनि सम्भावनायुक्त रहेको उल्लेख गरे । उनले जानकी मन्दिरको धार्मिक महत्त्वबारे प्रकाश पार्दै ठूलो संख्यामा आन्तरिक तथा बाहृय यात्रुहरूको आगमन हुने गरेको बताए । यसले स्थानीय अर्थतन्त्रलाई प्रत्यक्ष रूपमा चलायमान बनाइरहेको उनको भनाइ छ ।



उनले भारत, चीन, भियतनामलगायत विभिन्न देशहरूबाट सामानहरू आयात गरी होलसेल व्यापार तथा पर्यटन आकर्षणका कार्यक्रममा सहजीकरण गर्ने प्रतिबद्धतासमेत व्यक्त गरे । श्रेष्ठले स्थानीय उत्पादनको प्रवर्द्धन, निर्यात अभिवृद्धि, लगानीमैत्री वातावरणको विकास र उद्यमशीलताको विस्तारमार्फत राष्ट्रिय अर्थतन्त्रलाई सुदृढ बनाउन सकिने बताए ।

महोत्तरी चेम्बर अफ कमर्सका अध्यक्ष सुधिर अग्रवालले जिल्लाका उद्योगी व्यवसायीहरूको हित संरक्षण, व्यवसायिक वातावरण सुधार तथा स्थानीय आर्थिक गतिविधि सुदृढीकरणका लागि चेम्बर निरन्तर सक्रिय रहेको बताए । उनले सरकारी निकाय र निजी क्षेत्रबीच सहकार्य विस्तार गरी उद्योग, व्यापार र रोजगारीका अवसरहरू वृद्धि गर्न सकिने उल्लेख गरे ।

सो अवसरमा महोत्तरी चेम्बर अफ कमर्सका कार्यसमिति सदस्यहरूलाई प्रमाणपत्रसमेत वितरण गरियो । साथै, जिल्लाका उद्योगी, व्यवसायी तथा सरोकारवालाहरूको सहभागितामा वर्तमान आर्थिक अवस्था, अन्तर्राष्ट्रिय बजारसँगको समन्वय, लगानीका सम्भावना, व्यवसायिक चुनौती तथा भविष्यका अवसर हरूबारे छलफल गरिएको थियो ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook
www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं–७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्ण कार्की, सम्पादकः विष्णु तामाङ